# बीमा चिनारी



# बीमा चिनारी

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(बीमा चेतनाका लागि बीमा प्राधिकरणबाट प्रकाशित)

वैशाख, २०८०

कुपण्डोल, ललितपुर

| | | |
|---|---|---|
| प्रकाशक | : | **नेपाल बीमा प्राधिकरण** |
| | | ललितपुर, कुपण्डोल, नेपाल |
| फोन नं. | : | ०१-५४३१०७९, ५४३८७४३ |
| फ्याक्स | : | ०१-५४२०११९ |
| ISBN | : | 978-9937-2-2250-1 |
| सवाधिकार | : | प्रकाशकमा सुरक्षित |
| प्रति | : | १००० प्रति |
| मुद्रक | : | अग्नी छापाखाना |
| | | पुरानो बानेश्वर, काठमाडौं |
| फोन नं. | : | ०१-४५६४५०६, ९८५१०७६७२२ |


**नेपाल बीमा प्राधिकरण उद्घोषण**

प्रस्तुत बीमा : चिनारी प्राधिकरणको अनुरोधमा बीमालगायत विभिन्न विषयका विद्धान्हरूको समूहले तयार पारेको हो । यो पुस्तिका बीमा सम्बन्धी जिज्ञासु सर्वसाधारण माहानुभावहरू तथा बीमा विषयमा रूचि राख्ने अनुसन्धानकर्ताहरूका लागि उपयोगी सामग्रीको रूपमा प्रस्तुत गरिएको छ। यसमा उल्लेख गरिएका विषयहरू योगदान पुऱ्याउने विद्धानहरूका विचार भएकाले प्राधिकरणको आधिकारिक धारणा नरहेको व्यहोरा अवगत गराउन चाहन्छौं ।

# अध्यक्ष्यज्यूको मन्तव्य

जनमानसमा रहेका बीमा सम्बन्धी न्यून चेतनालाई अभिवृद्धि गर्ने उद्देश्यले बीमा प्राधिकरणले विभिन्न माध्यमहरूबाट प्रचार प्रसारात्मक कार्यक्रमहरू गर्दै आइरहेको छ। मानव जीवन र सम्पत्ति तथा दायित्वको लागि बीमाको आवश्यकता, अपरिहार्यता र बीमा सम्बन्धी चेतनाको क्षितिज फराकिलो पार्न सहयोग पुऱ्याउने उद्देश्यका साथ यो पुस्तक बीमा चिनारी यहाँहरूको हातमा आएको छ। बीमाको पहुँच न्यून भएको नेपालजस्तो मुलुकमा बीमा चेतनाको अभिवृद्धि गर्नु अत्यन्त आवश्यक छ।

बीमा प्राधिकरणले बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकासित र नियन्त्रित गर्ने उद्देश्य पुरा गर्नका लागि विभिन्न सभा, सम्मेलन, गोष्ठी, अन्तक्रिया, तालिम गर्नुका साथै श्रव्य- दृष्य माध्यम, पत्र पत्रिका आदि मार्फत बीमा सम्बन्धी चेतना फैलाउने कार्य गर्दै आइरहेको छ। बीमा प्राधिकरणले समयको मागसँगै बढ्दो स्तरमा रहेको बीमाको प्रचार प्रसारलाई अझै विस्तार गर्नु पर्ने आवश्यकता महसुस गरी बीमा सम्बन्धी विषयहरूको समसामयिक र महत्वपूर्ण कुराहरूलाई समेटी तयार पारिएको प्रस्तुत पुस्तक बीमा चिनारी प्रकाशन गरी यहाँहरूको हातसम्म पुऱ्याउने जमर्को गरेको छ। बीमा ज्ञान र चेतना आम जनमानसमा पुऱ्याउने कार्य प्राधिकरणको एकल प्रयासबाट मात्र सम्भव नहुने भएकाले सबैको समन्वय र सहकार्यबाट तयार पारिएको प्रस्तुत पुस्तकबाट ठूलो उपलब्धि हासिल हुने तथ्यमा आशावादी रहेको छु।

प्राकृतिक प्रकोप लगायत मानव सम्पत्तिमा भएका विभिन्न क्षतिपश्चात् आम जनजीवनमा बीमाको थप आवश्यकता महशुस भएकोमा पछिल्लो समय बीमामा भएका विभिन्न थप विषयहरू, बीमाको महत्व, आवश्यकता, विभिन्न बीमालेखहरूको जानकारी तथा अन्य समसामयिक विषयहरू समेत समावेश गरी पहिलो र दोस्रो संस्करण भन्दा नितान्त फरक शैलीमा यस पुस्तकको तेस्रो संस्करण प्रस्तुत गरिएको छ।

यस पुस्तकको २०६८ सालमा पहिलो संस्करण र २०७५ सालमा केही थप संसोधन

गरी दोस्रो संस्करण प्रकाशन गरिएको थियो भने २०८० सालमा तेस्रो संस्करण प्रकाशन गरियो ।

यस पुस्तकलाई समयानुकुल परिमार्जना गर्दै आगामी दिनहरूमा पुनः प्रकाशन गर्ने प्रतिवद्धता व्यक्त गर्दै पुस्तकमा भएका कमी कमजोरीहरू औल्याई आवश्यक राय सुझाव प्रदान गरिदिनु हुन अनुरोध गर्दछु ।

अन्तमा, बीमा चिनारीको यस संस्करण तयार गर्ने क्रममा थप हौसला र उत्साहका साथ अहोरात्र खटिनुभएका बीमा प्राधिकरणका कर्मचारीहरू श्री पुजन ढुङ्गेल अधिकारी, श्री ध्रुव तिमिल्सिना र श्री पुष्पा कुवँर लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सघाउ पुऱ्याउनुहुने सम्पूर्ण कर्मचारीहरूमा हार्दिक आभार व्यक्त गर्दै आगामी संस्करणहरूमा पनि यहाँहरूको भरपुर सहयोग र समन्वयको अपेक्षा गर्दै धन्यवाद व्यक्त गर्दछु ।

सूर्य प्रसाद सिलवाल
अध्यक्ष
नेपाल बीमा प्राधिकरण

# विषय सूची


**जोखिम** १

- वस्तुगत तथा विषयगत जोखिम १
- शुद्ध तथा सट्टवाजी जोखिम १

**जोखिम व्यवस्थापन** २

**बीमा** ३

**बीमाको उत्पत्ति र विकासक्रम** ३

**आधुनिक काल र बीमा** ४

**दक्षिण एसिया र बीमा** ५

**नेपालमा बीमा व्यवसायको विकास** ६

**बीमाको महत्व** ७

- व्यक्तिको लागि महत्व ७
- व्यवसायको लागि महत्व ८
- समाजको लागि महत्व ९

**बीमाको आधारभूत सिद्धान्त** १०

- परम सद्विश्वासको सिद्धान्त १०
- बीमायोग्य हितको सिद्धान्त ११
- क्षतिपूर्तिको सिद्धान्त ११
- स्थानग्रहण (प्रत्यासन) को सिद्धान्त १२
- निकटतम कारणको सिद्धान्त १२
- यागदानको सिद्धान्त १३

**बीमा ऐन** १३

**बीमा नियमावली** १४

**नेपाल बीमा प्राधिकरण** १४

**बीमक इजाजतपत्र सम्बन्धी कानूनी व्यवस्था** १६

**साबीक बीमा समिति हाल प्राधिकरणबाट जारी भएको निर्दशन** १६

**बीमाको प्रकार** २१

**जीवन बीमा** २१

**जीवन बीमाको प्रकार** २१

- आजीवन जीवन बीमा २१
- सावधिक जीवन बीमा २३
- म्यादी जीवन बीमा २४

**अन्य आधारमा जीवन बीमाको वर्गीकरण** २५

- एकल र संयुक्त जीवन बीमालेख २५

- एकमुष्ट र किस्ताबन्दी दाबी भुक्तानी जीवन बीमा २६
- मुनाफामा सरिक हुने र नहुने जीवन बीमा २६

**निर्जीवन बीमा** २६

**निर्जीवन बीमाका प्रकार** २६

**अग्नी बीमा** २७

**अग्नी बीमाका प्रकारहरू** २७

- क्षतिपूर्तिको आधारमा अग्नी बीमाको प्रकार २७
- जोखिमको आधारमा अग्नी बीमाको प्रकार २८
- वस्तु भण्डारको आधारमा अग्नी बीमाको प्रकार २९

**सामुद्रिक बीमा** ३१

**सामुद्रिक बीमाको प्रकार** ३१

- यात्रा सामुद्रिक बीमा ३१
- समय सामुद्रिक बीमा ३२
- मिश्रित सामुद्रिक बीमा ३२
- विस्तारित सामुद्रिक बीमा ३२
- नामांकन सामुद्रिक बीमा ३२
- घोषणा सामुद्रिक बीमा ३२
- मुद्रा सामुद्रिक बीमा ३३

**मोटर बीमा** ३३

- निजी सवारी बीमा ३३
- व्यापारिक सवारी साधन ३३
- अन्य सवारी साधन ३३

**मोटर बीमाको प्रकार** ३४

**इन्जिनियर्ङ्ग बीमा** ३४

**हवाइ बीमा** ३४

**हवाई बीमाको प्रकार** ३५

**इन्जिनियरिङ्ग बीमा** ३६

**विविध बीमा** ३६

**लघुबीमा** ३९

**पुनर्बीमा** ३९

**बीमा दावी भुक्तानी** ४०

**बीमा मध्यस्तकर्ता** ४०

- बीमा अभिकर्ता ४०
- बीमा सर्भेयर ४०
- बीमा दलाल ४१
- बीमा सम्बन्धी विवाद ४२

## १. जोखिम

कुनै नोक्सानी हुने घटनाको अनिश्चिततालाई नै जोखिम भनिन्छ वा कसैलाई नोक्सानी हुने सक्ने सम्भावनालाई नै जोखिम भनिन्छ। समग्रमा अनिश्चितता नै जोखिम हो भन्न सकिन्छ। जस्तै : उदाहरणको लागि धुम्रपान गर्ने मानिसको फोक्सोमा क्यान्सर हुने सक्ने सम्भावना, भट्टी भएको उद्योगमा आगलागी हुन सक्ने सम्भावना, व्यक्तिले चलाएको सवारी दुर्घटना हुन सक्ने सम्भावना आदि।

अनिश्चितताको आधारमा जोखिमलाई मूलत : दुई भागमा विभाजन गरिनेछ :

### (क) वस्तुगत तथा विषयगत जोखिम (Objective and Subjective Risk):

- **वस्तुगत जोखिम (Objective Risk) :** अपक्षित नोक्सानी र वास्तविक नोक्सानी बीचको अन्तरलाई वस्तुगत जोखिम भनिन्छ। जस्तै : बीरगञ्जबाट काठमाडौं ल्याउँदै गरेको पेट्रोल ट्याङ्करमा २ प्रतिशत चुहावट हुन्छ भन्ने अनुमान गरिएकोमा काठमाडौं आइपुग्दा २० प्रतिशत पेट्रोल कम रहेछ भने उक्त २० प्रतिशत र २ प्रतिशत बीचको अन्तर (१८ प्रतिशत) नै वस्तुगत जोखिम हो। त्यस्तै गरी १०,००० घर बीमा गरेको बीमकले एक वर्षमा १० वटा घरमा आगो लाग्ने अनुमान गरेकोमा ३०० घरमा आगो लागेको खण्डमा २९० वस्तुगत जोखिम हो। वस्तुगत जोखिम हुनका लागि उक्त जोखिम मापनयोग्य र गणनायोग्य हुनु पर्दछ।

- **विषयगत जोखिम (Subjective Risk) :** मानिसको मानसिक स्थिति वा दिमागी हालतसँग सम्बन्धित जोखिमलाई विषयगत जोखिम भनिन्छ। विषयगत जोखिम मापनयोग्य र गणनायोग्य हुँदैन। जस्तैः मादक पदार्थ सेवन गरको व्यक्ति सकुशल घर पुग्न पनि सक्छ वा नपुग्न पनि सक्छ। उक्त अनिश्चितताको अवस्थालाई विषयगत जोखिम भनिन्छ। रिसको आवेगमा आएको मानिसले झगडा गर्ने सक्ने सम्भावना हुन्छ तर त्यसलाई प्रतिशतमा मापन गर्ने सकिँदैन।

### (ख) शुद्ध तथा सट्टेवाजी जोखिम :

**शुद्ध जोखिम :** शुद्ध जोखिम भन्नाले नोक्सानी हुन सक्ने वा नोक्सानी नहुने बीचको

अनिश्चितताको अवस्थालाई दर्शाँउछ। यसमा नाफा हुने भन्ने हुँदैन, मात्र नोक्सानी हुन्छ वा हुँदैन भन्ने हुन्छ। साही अनिश्चितताको अवस्था नै शुद्ध जोखिम हो। शुद्ध जोखिम मात्र बीमायोग्य जोखिम हो। उदाहरणको लागि असामहिक मृत्यु, दुर्घटना, आगलागी आदी।

**सट्टेवाजी जोखिम :** सट्टेवाजी जोखिम भन्नाले नाफा वा नोक्सान बीचको अनिश्चितताको अवस्थालाई जनाँउछ। यस्तो जोखिममा नाफा हुने वा नहुने अवस्था बीचको अनिश्चितता हुन्छ। यस्तो जोखिम बीमायोग्य हुँदैन। उदाहरणको लागि कुनै कम्पनीले नयाँ मोवाइल फोन निर्माण गर्यो भने कुनै अर्का मोवाइल कम्पनीको मोवाइल फोन विक्री नहुन सक्छ, जसले गर्दा उक्त मोवाइल कम्पनी घाटामा जान सक्छ। त्यस्तै गरी जुवा, चिट्ठा आदि सट्टेवाजी जोखिम हो।

## (२) जोखिम व्यवस्थापन

भविष्यमा आइपर्न सक्ने सम्भावित नोक्सानीबाट हुन सक्ने क्षति न्यूनीकरणको लागि गरिने व्यवस्थापनलाई जोखिम व्यवस्थापन भनिन्छ। कुनै पनि संगठन वा संस्थाले सामना गर्नुपर्ने जोखिमलाई सामना गर्नको लागि गरिने व्यवस्थापनलाई जोखिम व्यवस्थापन भनिन्छ। संस्थाको नोक्सानी न्यूनीकरण गर्नु र सम्पत्तिको सुरक्षा गर्नु नै जोखिम व्यवस्थापनको मुख्य उद्देश्य हो। जोखिम व्यवस्थापनले सवै प्रकारको संस्था र व्यक्तिलाई लाभ प्रदान गर्दछ। जोखिम व्यवस्थापनको चारवटा चरणहरू रहेका हुन्छन् :

(क) सम्भावित नोक्सानी हुने कारणको पहिचान
(ख) सम्भावित नोक्सानीको मात्रा
(ग) सम्भावित नोक्सानीलाई न्यूनीकरण
(घ) जोखिम व्यवस्थापन कार्यक्रमको कार्यान्वयन तथा अनुगमन

जोखिम व्यवस्थापनमा विभिन्न प्रकारको औजारहरू रहेको हुन्छन् :

जोखिम व्यवस्थापनको लागि मूलभूत रूपमा प्रयोग गरिने औजारहरू मध्ये दहायको औजारहरू सबैभन्दा प्रचलित र उपयुक्त मानिन्छन्।

- **जोखिम परित्याग**

  कुनै सम्भावित जोखिम भएको वस्तु धारण नगर्ने वा स्वामित्वमा नलिन वा जोखिम सँग सम्बन्धित कुनै पनि कार्य परित्याग गर्ने कार्यलाई जोखिम परित्याग भनिन्छ। जोखिम परित्याग जोखिम व्यवस्थापनको एउटा परम्परागत र महङ्गा औजार हो। यसले समाजमा नवीन आविष्कार तथा खोजहरूलाई उत्साहित गर्दैन।

- **जोखिम प्रतिरोध**

  कुनै पनि जोखिम आइपरे पश्चात उक्त जोखिमलाई प्रतिरोध गर्नका लागि संगठनले जोखिमको प्रतिरोध वा सामना गर्न वा समग्रमा जोखिम सँग लड्ने व्यवस्थापकीय औजारलाई जोखिम प्रतिरोध भनिन्छ । साधन स्रोतले सम्पन्न र उपयुक्त मुनाफा नीतिको सुरक्षाको लागि संगठनहरूले जोखिम प्रतिरोधका औजार प्रयोग गर्ने गरेको पाइन्छ ।

- **जोखिम न्यूनीकरण**

  कुनै घटना घटिसके पश्चात् वा घटना घट्ने निश्चित रहेको जोखिमलाई सकेसम्म कम गरी सम्भावित क्षतिलाई घटाउने प्रयास गर्नु नै जोखिम न्यूनीकरण हो । ठूला ठूला महाविपत्ति तथा दुर्घटनाजन्य घटनामा जोखिम न्यूनीकरण अत्यन्तै महत्वपूर्ण हुन जान्छ ।

- **बीमा**

  जोखिम व्यवस्थापनको सबैभन्दा उपयुक्त र बैज्ञानिक औजार बीमा हो । बीमाले सम्भावित जोखिमबाट हुन सक्ने क्षति विरूद्ध वित्तीय सुरक्षा उपलब्ध गराउँछ भने बीमितलाई मानसिक रूपले स्वस्थ समेत पार्दछ । जोखिम व्यवस्थापनका माथि उल्लेख गरिएका अन्य औजारहरूको विकल्पको रूपमा नभई पूरक औजारको रूपमा बीमालाई प्रयोग गर्नु पर्दछ ।

## (३) बीमा

बीमित (बीमा गर्ने मानिस वा संस्था) को जोखिम बीमक (बीमा कम्पनी) लाई हस्तान्तरण गर्ने प्रक्रियालाई बीमा भनिन्छ । बीमा गर्ने व्यक्ति (बीमित) ले निश्चित रकम (बीमाशूल्क) बीमकलाई भुक्तानी गरे बापत बीमकले बीमितको बीमा गरिएको जीवन, सम्पत्ति तथा दायित्वको वित्तीय नोक्सानीको क्षतिपूर्ति प्रदान गर्ने उपाय नै बीमा हो । बीमा जोखिम व्यवस्थापनको एक महत्वपूर्ण औजार हो ।

## (४) बीमाको उत्पत्ति र विकासक्रम

बीमा विश्वको प्राचीन सामाजिक साधनहरू मध्यको एउटा साधन हो । विश्वको प्राचीन सभ्यताहरू भारत, चीन, बेविलोन, पर्सिया, रोम, मिश्र, ग्रीस आदिमा समाजमा कसैलाई कुनै क्षति आइपऱ्यो (जस्तैः कसैको घरमा चोरी भयो, आगलागी भयो, कसैको मृत्यु भयो वा अन्य कुनै क्षति) भने समाजको सबै घरधुरीले नगद वा जिन्सी वा श्रम (समाज अनुसार समान वा इच्छा अनुसार फरक फरक) दान गर्दथे । यसरी दान गरिने नगद वा जिन्सी वा श्रमहरूबाट क्षति भएको व्यक्ति वा निजको आश्रितलाई राहत प्राप्त हुन्थ्यो र

उसको आर्थिक अवस्था समाजमा वा निजको आश्रितलाई क्षतिपूर्ति प्राप्त हुन्थ्यो र उसको आर्थिक अवस्था समाजमा पुनः स्थापना हुन्थ्यो । बीमाको प्राचीन कालको स्वरुप त्यस प्रकारको थियो । तर यसलाई त्यतिखेर बीमा भनिदैनथ्यो । समाज अनुसार यी कार्यको फरक नामहरू थिए । कुनै समाजमा त्यो अनिवार्य थियो, कहिँ स्वच्छिक थियो, कहिँ गुठि जस्तो संस्थाहरूले यस्तो कार्यको सञ्चालन गर्दथे भने कहिँ स्वस्फूर्त ढंगले यस्तो कार्यहरू हुने गर्दथे ।

बीमा भन्ने शब्दको प्रयोग सर्वप्रथम फारसीहरूले गरेका थिए । पर्सियन सभ्यताको उत्कर्षमा बीमा शब्द र यसको प्रयोग विकसित भएको अनुमान गरिन्छ । बैदिक कालमा भविष्यको नोक्सानीको व्यवस्था गर्ने प्रचलन रहेको कुरा मनुस्मृतिमा उल्लेखित प्रसँगबाट थाहा हुन्छ । यस्तै ऋग्वेदमा उल्लेख गरिएका 'योगक्षम' शब्दले मानव हित र सुरक्षालाई जनाउँछ । प्राचीन रोमन साम्राज्यमा जीवन वृत्ति, भारतमा कोष, नेपालमा गुठी, बेलायतमा धार्मिक गिल्ड, व्यापारिक संघ, कालीगढ संघ आदि प्रचलनमा थिए, जसले निश्चित रकम लिएर यसको सदस्यहरूलाई विपत्तिको बेलामा आर्थिक सुरक्षा प्रदान गर्ने गर्दथे ।

शुल्क वा रकम लिएर वा लगभग आजभोलीको बीमासँग मिल्दोजुल्दो ढंगले बीमा गर्ने कार्यको प्रारम्भ भने सामुद्रिक बीमाबाट सुरुवात भएको मानिन्छ । भूमध्य सागरमा ओहोर दोहोर गर्ने जहाजहरूलाई समय समयमा सामुन्द्रिक डाँकाहरूले लुट्ने गर्दथ भने आँधि, हुरी, तुफानको कारण जहाजहरू डुब्ने पनि गर्दथे । प्राचीन कालको समकालीन सभ्यताहरू रोम, ग्रीस, अलेक्जन्ड्रिया, स्तानवुल आदि भूमध्ये सागरको क्रमशः उत्तरी, दक्षिणी र पूर्वी किनारामा थिए । त्यस्तै भारतीयहरूले पनि हिन्द महासागर हुँदै उक्त सभ्यताहरूसँग व्यापार गर्ने गर्दथे । त्यस्तो समस्याबाट बच्न उनीहरूले सामुन्द्रिक बीमाको विकास गरे । बीमाको लागि तत्कालीन समयमा बटमरी बोण्ड जारी गरिन्थ्यो । यो एउटा ऋण दिन संस्था थियो । यसले सामुन्द्रिक मार्गबाट सामान एक ठाउँबाट अको ठाउँमा पुऱ्याउन ऋण दिने गर्दथ्यो । गन्तव्यमा सुरक्षित ढुङ्गले मालसामान पुगेको खण्डमा ब्याज सहित रकम फिर्ता गरिन्थ्यो भने सामान नपुगेको खण्डमा ऋण स्वतः मिनाहा हुन्थ्यो । त्यस्तै रोमनहरूले इटालीको यहुदीहरूलाई रोमन धर्म स्वीकार गर्ने वा देश छाड्न आदेश दिएपश्चा उनीहरू बेलायतको लाम्बार्डमा गएर बसे । आप्रबासीको रुपमा आएको यहुदीहरूले व्यापार व्यवसायमा हात हाले । व्यापार व्यवसायमा थुप्रै सुरक्षा सम्बन्धी चुनौतिहरू आइपरेपछि उनीहरूले बीमाको थप बिकसित स्वरुपको बिकास गरे । उनीहरूले बीमा प्रारम्भ गरेको ठाउँ पछि लाम्बार्ड स्ट्रिटको नामले प्रख्यात भयो ।

## (५) आधुनिक काल र बीमा

सन् १७७१ मा सामुद्रिक जोखिम स्वीकार गर्ने व्यक्तिहरू (त्यतिखेर संस्थाले

बीमा गर्ने प्रचलन अनिवार्य थिएन) को सक्रियतामा एउटा कफि पसलमा लायड्स नामक संस्थाको स्थापना भयो। आज लायड्स बीमा बजारमा प्रसिद्ध छ। सामुद्रिक बीमा पश्चात अग्नी बीमाको प्रारम्भ भएको मानिन्छ। सुरुमा बेलायती संस्था एंग्लो सेक्सन गिल्डले सर्वप्रथम संस्थागत रुपमा बीमाको सुरुवात गरेको हो। सन् १६६६ मा लण्डनमा भएको भिषण आगलागीमा ठूलो जनधनको क्षति भयो। यस्तो क्षति भविष्यमा पुनः दोहोरिएमा हुन सक्ने अपार क्षतिलाई क्षतिपूर्ति गर्नका लागि फायर इन्स्योरेन्स अफिस को स्थापना गरियो। बेलायती साम्राज्यको विस्तारसँगै बीमा व्यवसायको समेत बिस्तार हुँदै गयो। सन् १७१० मा बेलायतमा स्थापना भएको सन् फायर अफिस बीमा क्षेत्रको पुरानो अग्रणी कम्पनी हो।

सामुद्रिक र अग्नी बीमाको विकास भए पश्चात सोहौं शताब्दीको मध्येतिरबाट जीवन बीमाको विकास भएको हो। मानिसको जीवनमा आइपर्न सक्ने विभिन्न जोखिमहरू तथा मृत्युबाट हुन सक्ने आर्थिक क्षतिको क्षतिपूर्तिको लागि जीवन बीमाको शुरुवात भएको हो। सबै भन्दा पहिला विलियम गिब्बन भन्ने व्यक्तिले जीवन बीमा गरेका हुन्। त्यतिवेला एक वर्षका लागि बीमा गर्ने र पछि त्यसलाई नवीकरण गर्ने प्रचलन थियो। जीवन बीमा व्यवसाय गर्नकै लागि भनेर सन् १६९६ मा बेलायतमा ह्याण्ड इन ह्याण्ड सोसाइटीको स्थापना भयो। सत्रौं शताब्दी सम्म बेलायतमा धनी मानिसहरूले मात्र जीवन बीमा गर्ने गर्दथे। मृत्युदर तालिका नभएको हुनाले बीमाशूल्क निर्धारण सहज र व्यवस्थित थिएन। जीवन बीमामा सर्वसाधारण मानिसले धनी र ठूला मानिसको बीमा गरी उसको मृत्युमा बाजी लगाउने जस्तो गलत अभ्यास समेत हुन थाल्यो। त्यसकारण बीमायोग्य हितको सिद्धान्त लागू गरी सम्बन्धित मानिसले मात्र आफ्नो आश्रितको बीमा गर्न पाइने व्यवस्था गरियो। उन्नाइसौं शताब्दीमा मृत्युदर तालिकाको विकास भएपश्चात जीवन बीमाले आधुनिक स्वरुप लिन थालेको हो।

सामुद्रिक बीमा, अग्नी बीमा र जीवन बीमाको विकास पश्चात उन्नाइसौं शताब्दीको उत्तरार्धबाट विविध बीमाको विकास र बिस्तार भयो। सन् १८४० मा निष्ठा जमानत बीमा, सन् १८४८ मा व्यक्तिगत दुर्घटना बीमा, सन् १८८० मा रोजगारदाताको दायित्व बीमा, सन् १८७५ मा जनदायित्व बीमा, सन् १८८७ मा चोरी बीमा, सन् १९०३ मा मोटर बीमा, सन् १९११ मा हवाई बीमाको विकास भयो। त्यस्तै इन्जिनियरिङ्ग बीमा, ठेकेदार जोखिम बीमा, स्वास्थ्य बीमा, पशु तथा बाली बीमा तथा विशिष्ठ व्यक्तिहरूको विशष गुणको बीमा आदि आधुनिक बीमा जगतको उपजहरू हुन्।

## ६. दक्षिण एसिया र बीमा

भारतमा वेलायती शासन भएको बेलामा बेलायतीहरू आफ्नो सम्पत्तिको बीमा बेलायती बीमा कम्पनीहरू मार्फत गर्ने गर्दथे। बेलायतीहरूले भारतमा आई बसेको वेलायती

विधुवाहरूको लागि सर्वप्रथम सन् १८१८ मा ओरियण्टल इन्स्योरेन्स कम्पनी लिमिटेड स्थापना गरेका थिए । सन् १८७० मा बम्बे म्युचुअल लाइफ इन्स्योरेन्स सोसाइटीको स्थापना भएको थियो । भारतीय स्वतन्त्रता अघि भारतीयको लागि युरोपेलीको लागि भन्दा बढी बीमादर कायम गरी भारतीय माथि विभेद गर्ने गरिन्थ्यो । सन् १९०६ मा नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेड स्थापना भयो । सन् १९१२ मा भारतमा जीवन बीमा कम्पनी ऐन जारी भयो । उक्त ऐनले बीमाङ्कीबाट जीवन बीमाको आवधिक मुल्याङ्कन गर्नुपर्ने र बीमाशूल्कदरको तालिका हुनुपर्ने व्यवस्था भयो । सन् १९३९ मा भारतमा बीमा ऐन जारी भयो जुन ऐन भारत, पाकिस्तान र बंग्लादेशमा हालसम्म लागु छ । भारतीय स्वतन्त्रता पश्चात नयाँ बनेको देशहरू भरत र पाकिस्तानले आ-आफ्नो बीमा नीति अख्तियार गरे भने नेपाल, श्रीलंका, अफगानिस्तान लगायतका देशहरूमा बीमा सुसुप्त अवस्थामा नै थियो ।

## ७. नेपालमा बीमा व्यवसायको विकास

नेपालमा आधुनिक बीमा व्यवसायको सुरुवात भएको एक शताब्दी पनि पुगेको छैन् । नेपाल इन्स्योरेन्स कम्पनीको स्थापना भएपश्चात सुरु भएको बीमा उधोगमा आ.व. २०७९/८० को अन्तसम्ममा जीवन बीमा १९, र्निजीवन बीमा २० र पुनर्बीमा कम्पनी २ गरी नेपालमा कुल ४१ वटा बीमा कम्पनी रहेकोमा नेपाल बीमा प्राधिकरणले बीमा व्यवसाय लाई व्यवस्थित, नियमित, प्रतिस्पर्धि तथा विश्वसनीय बनाउन, बीमकहरुले पुँजी वृद्धि गर्नुपर्ने प्रावधान बमोजीम आ.व. २०७९/८० को सुरुवात संगै बीमकहरु गाभ्ने र गाभिने क्रम सुरु भई हाल जम्मा जीवन बीमा १७, निर्जीवन बीमा १७ र पुनर्बीमा कम्पनी २ गरी नेपालमा कुल ३६ वटा बीमा कम्पनीहरू रहेका छन् । जीवन बीमकको लागि रु. ५ अर्ब , निर्जीवन बीमकको लागि रु. २ अर्ब ५० करोड र पुनर्बीमकको लागि रु १० अर्ब चुक्ता पुँजी अनिवार्य हुन जरुरी गरिएको छ। बीमा क्षेत्रले चालु आ.ब. २०७९/८० को फागुन मसान्तसम्ममा जीवन बीमा तर्फ ५,९३३, निर्जीवन बीमा तर्फ ५,५९१ र पुनर्बीमा तर्फ ८३ गरी जम्मा ११,६०७ जनालाई प्रत्यक्ष रूपमा रोजगारी प्रदान गरेको छ भने करीब २५७,६७४ अभिकर्ताको रूपमा रोजगारीमा संलग्न छन । त्यसैगरि, निर्जीवन बीमा व्यवसायको क्षति मूल्याङ्कन गर्न इजाजत प्राप्त १,३९७ जना बीमा सर्भेयरको रुपमा कार्य गरिरहेका छन्। साथै १२ जना ले पुनर्बीमा ब्रोकरको इजाजतप्राप्त गरि कार्य गरिरहेका छन्। नेपालमा सक्रिय जीवन बीमालेखको संख्या १ करोड ४० लाख १ हजार ५ सय ७७ र कुल जीवन बीमाशुल्क संकलन रु. ९३ अर्ब ७२ करोड रहेको र निर्जीवन तर्फ १८ लाख ७६ हजार ४५३ वटा बीमालेख बाट रु. २५ अर्ब ८७ करोड बीमाशुल्क संकलन भएको छ। चालु आ.व. को दोस्रो त्रैमासिकसम्मको जीवन बीमा कम्पनीहरुको जीवन बीमा कोषमा रु. ४ खर्ब ९७ अर्ब १९ करोड र निर्जीवन तर्फ बीमा कोष रु. १९ अर्ब १९ करोड पुगेको

छ। गत आ.व. को अन्तसम्मको कुल बीमाशुल्कको आधारमा नेपालको बीमा क्षेत्रको कुल गार्हस्थ उत्पादनमा कुल बीमाशुल्कको अनुपात ३.६७ प्रतिशत रहेको छ। नेपालको बीमा उद्योगमा सकारात्मक लक्षणहरु देखिएको अवस्था छ। समग्र राष्ट्रिय अर्थतन्त्रमा यसको योगदान बढ्दै जाने निश्चित देखिएको छ।

## ८. बीमाको महत्व

### (क) व्यक्तिको लागि महत्व

#### १. सुरक्षा प्रदान

बीमाले व्यक्तिको जीवन तथा सम्पत्तिको जोखिम विरुद्ध सुरक्षा प्रदान गर्दछ। जीवन बीमाको हकमा बीमितको मृत्यु भएको अवस्थामा तथा जीवन बीमा अवधि समाप्त भएको अवस्थामा बीमितको आश्रित तथा निजलाई नै एकमुष्ट रकम भुक्तानी गरिनेछ। यसबाट  बीमित वा बीमितको आश्रितलाई ठूला क्षतिपुर्ति प्राप्त हुन्छ। बीमाले मृत्यु, बुढेसकाल, आगलागी, चोरी, डकैती जस्तो जोखिमहरू विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ।

#### २. मनमा शान्ति

बीमाले विभिन्न प्रकारको जोखिमहरू विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्ने भएकोले व्यक्ती तनाव तथा डरबाट मुक्त रहन्छ। उसको मनमा शान्ति प्राप्त हुन्छ र राम्रोसँग कार्य सम्पादन गर्ने हौसला प्राप्त हुन्छ। बीमा नभएको भए आँधी, आगजनी, तुफान, दुर्घटना, चोरी, डकैती, मृत्यु जस्तो नियन्त्रण गर्न नसकिने बिपद्हरूले मानिसको मनलाई कमजोर बनाउने र सदैव चिन्ता तथा तनावग्रस्त राख्ने थियो।

#### ३. निर्भरतामा कमी

परिवारको मुल अर्थात कमाउने व्यक्तिको अचानक मृत्यु भएमा वा बहुमुल्य सम्पत्तिको क्षति भएमा परिवारको सदस्यलाई पिडा हुन जान्छ। यसबाट अन्य व्यक्ति वा समाजमा भरपर्नु पर्ने हुन सक्छ। बीमा गरेको रहेछ भने त्यस्तो निर्भरतामा कमी आउँछ। बीमाले विभिन्न जोखिमहरू विरुद्ध आर्थिक संरक्षण प्रदान गरेर परनिर्भरतामा कमी ल्याउन सकिन्छ।

#### ४. बचतमा प्रोत्साहन

जीवन बीमा बचतको राम्रो माध्यम हो। मुनाफामा सरिक हुने जीवन बीमाको अवधि समाप्त हुनासाथ बीमितले निजले बीमा गरेको बीमाङ्क रकम र बोनस बापतको रकम एकमुष्ट फिर्ता पाउँछ। यदि बीमा अवधिको बीचैमा निजको

मृत्यु भएमा निजको हकवालालाई उक्त रकम भुक्तानी दिइन्छ । बीमा गरेपश्चात बोनस सहित रकम फिर्ता पाइने हुनाले बचतको रुपमा जीवन बीमा गर्न प्रोत्साहन मिल्दछ ।

### ५. नाफामुलक लगानी

जीवन बीमामा गरिएको लगानीले कुनै विपत्तिको कारणले क्षति भएमा सोको क्षतिपूर्ति पाइने हुनाले लगानीलाई नाफादायक बनाउन सकिन्छ । मुनाफामा सरीकहुने सावधिक जीवन बीमामा बीमकको मुनाफाको हिस्सा बोनसको रुपमा बीमितले पाउनेहुँदा सो वापत आर्जित आयलाई नाफादायक लागानी मान्न सकिन्छ ।

### ६. आवश्यकता पूर्ति

व्यक्तिको विभिन्न आवश्यकताहरू हुन्छन् । जस्तैः पारिवारिक आवश्यकता, बुढेसकालको आवश्यकता, छोराछोरीको आवश्यकता, शैक्षिक आवश्यकता आदि । बीमाले मानिसको यस्तो आवश्यकताहरू पूरा गर्न सहयोग गर्दछ । त्यसैले बीमाको ठूलो महत्व रहेको छ ।

### ७. कर लाभ

जीवन बीमामा रु. २५,००० सम्मको वार्षिक बीमा शूल्क बुझाउने गरी बीमा गरेको रहेछ भने बढीमा सो रकम बराबरको कर छुट पाइन्छ । यसलाई कर लाभ भनिन्छ । यसरी कर लाभ दिने प्रचलनले बीमा गर्ने मानिसलाई प्रोत्साहन गर्नुको साथै आर्थिक अवस्थामा समेत सुधार आउँछ ।

## (ख) व्यवसायको लागि महत्व

### १. अनिश्चित हानीबाट संरक्षण

बीमाले व्यवसायमा हुनसक्ने ठूला ठूला हानिबाट संरक्षण गर्दछ । व्यवसायमा ठूलो लगानी भएको हुन्छ । जसमा उद्योग, भवन, गोदाम, मेसिन तथा औजारहरू रहेको हुन्छन् । थोरै मात्र असावधानी तथा दुर्घटनाले ठूलो क्षति हुन सक्छ । यसबाट जीउधनको साथै तेस्रो पक्षको समेत क्षति हुन सक्छ । बीमा गरेको अवस्थामा कुनै कारणले क्षति भएको सम्पत्तिको क्षतिपूर्ति बीमकबाट प्राप्त हुन्छ ।

### २. दक्षतामा वृद्धि

व्यवसायकको कार्यकारी प्रमुख वा अन्य कर्मचारीहरू विभिन्न व्यवसायिक जोखिमहरूबाट निश्चिन्त रहेमा संगठनमा कडा मेहनत तथा बढी समय समर्पण गर्न

सक्दछ। नाफा अधिकीकरणको लागि उसले राम्रोसँग कार्य सम्पादन गर्न सक्दछ। यसबाट उसको व्यवसायिक निपुर्णता तथा दक्षतामा वृद्धि हुन जान्छ।

### ३. व्यापार व्यवसायमा सुविधा

व्यापार व्यवसायमा सामानहरू एक स्थानबाट अर्को स्थानमा ल्याउने लाने कार्य गरिनै रहनु पर्दछ। सामान ढुवानी गर्दा बाटोमा विभिन्न जोखिमहरू आइपर्न सक्छ। त्यस्तो जोखिमबाट आर्थिक सुरक्षा प्राप्त गर्नको लागि बीमाले महत्वपूर्ण सहयोग पुऱ्याउछ। बीमाले व्यापार व्यवसाय सँग सम्बन्धित अन्य थुप्रै प्रकारको बीमा सेवाहरू समेत उपलब्ध गराउँछ।

### ४. व्यापार व्यवसायमा निरन्तरता

बीमाले व्यापार व्यवसायको निरन्तरताको लागि विभिन्न प्रकारको बित्तीय सुरक्षा उपलब्ध गराँउदछ। व्यापारमा कुनै कुनै कारणले नोक्सानी भएको खण्डमा बीमाले उक्त नोक्सानीको क्षतिपूर्ति प्रदान गर्दछ।

### ५. शाखको आधार

- ❑ बीमाको कारणले उक्त व्यवसाय सुरक्षित छ भन्ने सरोकारवाला तथा आम जनमानसमा पर्ने हुनाले मानिसहरूको उक्त व्यवसाय प्रतिको धारणा सकारात्मक बन्दछ।
- ❑ बीमा गरिएको व्यवसायको शाख वृद्धि हुँदै जान्छ।
- ❑ अन्ततः उक्त शाखको बिस्तारले व्यवसायको मूल्य अधिकीकरण गर्न सघाउ पुऱ्याउँदछ।

### ६. कर्मचारीको कल्याण

कुनै व्यवसाय वा संस्थामा कार्यरत कर्मचारीहरूको बीमा गरिएको छ भने उनीहरूले जोखिम विरुद्ध आर्थिक सुरक्षा प्राप्त गर्दछन्। त्यस्तै व्यवसायको बीमा गर्दा व्यवसायको लागत र मानव साधनको खर्च कम हुन जाने हुनाले कर्मचारीलाई राहत महसुस हुनुको साथै कर्मचारीको कल्याण समेत हुन्छ।

## (ग) समाजको लागि महत्व

### १. देशको आर्थिक विकास

बीमा बापत प्राप्त रकमले देशमा आवश्यक पूँजीको ठूलो हिस्साको पूर्ति गर्न

सक्दछ। हाल नेपालको बीमकहरूले समेत जगेडाकोष कोषको रुपमा रहेको खर्वौ रुपैंया वाणिज्य बैंकहरूमा लगानी गरेका छन् । बैंकमा भएको लगानी विभिन्न विकास मुलक क्षेत्रहरूमा लगानी भईरहेको छ। यस्तो लगानीले देशको आर्थिक विकासमा दिर्घकालीन रुपमा सकारात्मक प्रभाव पार्दछ।

### २. मुद्रास्फितिमा कटौति

बीमाले जोखिमहरू विरुद्ध सुरक्षा प्रदान गर्ने र बीमकहरूको जगेडाकोष उत्पादनशील क्षेत्रमा लगानी हुने हुनाले यसले अन्ततः मुद्रास्फितिमा कटौती गर्न सघाउ पुऱ्याउँछ। बीमाले सामाजिक र उत्पादनको लागतमा कटौती हुने हुनाले मुद्रास्फितिलाई न्यून बनाउँछ।

### ३. सम्पत्तिको सुरक्षा

बीमाले सार्वजनिक सम्पत्तिको आर्थिक सुरक्षा प्रदान गर्दछ। यदि कुनै विपत्तिको कारण सम्पत्तिको क्षति भएमा बीमाले त्यसको क्षतिपूर्ति गर्ने हुनाले बीमाले सार्वजनिक सम्पत्तिको आर्थिक सुरक्षा प्राप्त हुन्छ। त्यसैले देशको ठूलो बाँध, परियाजना, निर्माण, संरचनाहरूको बीमा अनिवार्य रुपमा गरिएको हुनुपर्दछ।

### ४. सामाजिक विसँगतीमा कटौति

दैवी प्रकोप, युद्ध, दुर्घटना, बेरोजगारी जस्तो कारणले समाजमा विभिन्न प्रकारको खरावीहरू ल्याउँछन् । तर बीमाले समाजमा देखापर्ने त्यस्तो जोखिमहरू विरुद्ध संरक्षण प्रदान गरेर संभावित खरावीहरू रोक्न मद्दत गर्दछ। यसबाट सामाजिक मूल्य र मान्यताको संरक्षण गर्न समेत सहयोग प्राप्त हुन्छ।

## ९. बीमाको आधारभूत सिद्धान्त

### (क) परम सद्विश्वासको सिद्धान्त

यो सिद्धान्त बीमाको सबैभन्दा महत्वपूर्ण र आधारभूत सिद्धान्त हो । बीमक र बीमित बीच धेरै विश्वास अर्थात परम सद्विश्वास हुन आवश्यक हुन्छ भन्ने कुरा यो सिद्धान्तले भन्छ। बीमक र बीमित दुबैले बीमा गरिएको जीवन वा वस्तुको बारेमा आफूले थाहा पाएसम्मको सत्य र यथार्थ कुरा भन्नुपर्दछ वा उल्लेख गर्नु पर्दछ, अत्यन्तै सानो भन्दा सानो कुरा पनि कुनै पनि बहानामा ढाँट्न पाइन्न भन्ने सिद्धान्तलाई नै परम् सद्विश्वासको सिद्धान्त भनिन्छ। यदि सद्विश्वासको पालना नगरी कुनै झुट्टा विवरण दिएको रहेछ भने कुनै पनि पक्षले करार भंग गर्न सक्छ र हर्जाना दाबी गर्ने सक्छ। बीमामा बीमित वा बीमकले झुट्टा विवरण दिई बीमा गरेको खण्डमा परम् सद्विश्वासको सिद्धान्तको उल्लङ्घन भएको मानिन्छ। यदि बीमकलाई

यो कुराको जानकारी हुन गयो भने उसले बीमा करार भङ्ग गर्ने सक्छ। जालसाजी गरी बीमा गर्न खोजेको भनी उल्टै बीमितसँग हर्जाना माग गर्न सक्छ। बीमितलाई आफ्नो सम्पत्तिमा हुन सक्ने जोखीम बारेमा सबैभन्दा बढी जानकारी हुन्छ। उसले दिएको जानकारीको आधारमा नै बीमाशूल्क निर्धारण हुन्छ। त्यसैले सम्पतिको जोखीमांकनको लागि बीमितले सबै आवश्यक कुराहरू सही सही र दोहोरो अर्थ नलाग्ने तरिकाले कुनै कुरा गोप्य नराखी उल्लेख गर्नु पर्दछ। यो सिद्धान्त जीवन, निर्जीवन तथा अन्य सबै खाले बीमामा समान ढङ्गले लागू हुन्छ।

## (ख) बीमायोग्य हितको सिद्धान्त

- बीमा गरिएको जीवनको क्षति हुँदा बीमितलाई नोक्सान हुने अवस्था भएमा बीमायोग्य हितको सिद्धान्त लागू हुन्छ। उदाहरणको लागि मानौं कुनै व्यक्तिको गाडी चोरी भयो वा हरायो भने तपाईंलाई नोक्सानी हुन्छ र तपाईं दुःखी हुनु हुन्छ। त्यस्तै, कुनै व्यक्तिको बावु वा आमाको मृत्यु भयो भने उसलाई उक्त मृत व्यक्तिको कमाई बराबरको नोक्सानी हुनुको साथै ऊ दुःखी पनि हुन्छ।

- बीमा गरिने वस्तु वा जीवनको मूल्य बढ्दा, त्यसको राम्रो अवस्था आउँदा, त्यसमा नाफा हुँदा वा त्यसको उन्नति हुँदा बीमित खुसी हुन्छ भने उक्त वस्तु वा जीवनको मूल्य घट्दा, त्यसको नराम्रो अवस्था आउँदे, त्यसमा घाटा हुँदा, त्यसको अवनति वा क्षति हुँदा बीमितलाई नोक्सान वा दुःख हुन्छ। त्यसलाई बीमायोग्य हित भएको मानिन्छ।

- त्यस्तै, कुनै व्यक्तिले अर्काको छोराछोरी वा अर्काको घरको बीमा गर्न सक्दैन। किनभने अर्काको घरको क्षतिबाट उक्त व्यक्तिलाई प्रत्यक्ष हानी नोक्सानी हुँदैन र उक्त घरसँग निजको सम्बन्ध हुँदैन। साधारणतयाः सम्पत्तिको मालिक वा कुनै व्यक्तिको अभिभावक, साझेदार, अंशियार आदिमा बीमायोग्य हित हुन्छ। बीमायोग्य हित भएको मानिसले जुन वस्तुमा आफ्नो बीमायोग्य हित हुन्छ, त्यसको बीमा गर्न पाउँछ। तर माथि उल्लेखित अवस्था भन्दा अन्य अवस्थाहरूमा समेत बीमायोग्य हित हुन सक्छ। बीमालाई जुवा जस्तो हुनबाट रोक्न र बीमामा नैतिक नोक्सानी हुनबाट बचाउन बीमायोग्य हितको सिद्धान्त आवश्यक पर्छ।

## (ग) क्षतिपूर्तिको सिद्धान्त

बीमा अवधिभित्र बीमा गरिएको वस्तु वा जीवनमा हुने क्षति वा हानी भएको खण्डमा बीमितसँग लिइएको बीमाशूल्कको सट्टामा बीमकले बीमा गरिएको रकम भन्दा बढी नहुने गरी भुक्तानी गर्नु पर्दछ। यो सिद्धान्तले रक्षावरण गरिएको जोखिमको कारणबाट भएको क्षति बराबरको रकम भुक्तानी गर्नु पर्दछ भन्दछ। तर बीमा गरिएको रकम भन्दा

बढि क्षति भएको खण्डमा बढीमा बीमा गरिएको रकम सम्म मात्र बीमकले भुक्तानी गर्दछ। जीवन बीमा, स्वास्थ्य बीमा जस्तो केही बीमामा भने यो सिद्धान्त लागु हुँदैन। बीमाले क्षतिपूर्ति प्रदान गर्ने हुनाले त्यसलाई क्षतिपूर्तिको करार समेत भनिन्छ। जीवन बीमा लगानी र बीमाको मिश्रित स्वरुप हो। मानिसको जीवनको मूल्याआंकलन गर्न नसकिएको हुनाले जीवन बीमामा क्षतिपूर्तिको सिद्धान्त लागू हुदैंन।

### (घ) स्थानग्रहण (प्रत्यासन) को सिद्धान्त

अन्य पक्षको ठाँउ लिनुलाई नै प्रत्यासन भनिन्छ। बीमाको सम्झौता अनुसार क्षतिपूर्ति गरिसके पश्चात बीमा गरिएको सम्पत्तिको स्वामित्व वा त्यसलाई उपयोग वा भोगचलन गर्ने अधिकार बीमकलाई प्राप्त हुन्छ, त्यसैलाई नै प्रत्यासनको सिद्धान्त भनिन्छ। जस्तैः रामको मोटर हरायो र बीमकले रामलाई बीमा बापतको रकम क्षतिपूर्ति दियो भने रामको हराएको मोटरको सबै अधिकार अब बीमकको हुन्छ। यदि उक्त मोटर खोज्न, फेला परेमा बेच्न वा प्रयोग गर्ने सबै अधिकार बीमकको हुन्छ। यदि प्रत्यासनको सिद्धान्त नहुने हो भने बीमितलाई दोहोरो फाइदा हुन जान्छ। बीमामा फाइदा वा नाफा गर्न पाइँदैन। यदि बीमितको सामानको क्षति तेस्रो पक्षले गरेको रहेछ भने बीमकले बीमितलाई क्षतिपूर्ति गरिसके पश्चात तेस्रो पक्षबाट उक्त रकम असुल उपर गर्ने अधिकार बीमकको हुन्छ। यदि तेस्रो पक्षबाट बीमा गरेको भन्दा बढी रकम असुल भयो भने उक्त बढि भएको रकम बीमकले बीमितलाई दिनु पर्दछ। तर यो सिद्धान्त जीवन बीमामा लागू हुँदैन।

### (ङ) निकटतम कारणको सिद्धान्त

बीमा गरिएको सम्पत्तिको क्षति विभिन्न कारणले हुन सक्दछ। जस्तैः बीमा कारारमा प्रष्ट रुपमा लखिएको जोखिमको कारणबाट भएको क्षति, बीमा करारमा लेखिएको तर अपवादमा परेको जोखिमको कारणबाट भएको क्षति तथा कहिँ उल्लेख नै नगरिएको कारणबाट भएको क्षति। कुन कारणबाट क्षति भएको हो सो कारण पत्ता लगाउनु पर्दछ। क्षतिको धरै कारणहरूमध्ये सबैभन्दा नजिकको कारणलाई निकटतम कारण भनिन्छ। उक्त निकटतम कारण बीमा गरिएको जोखिम हो भने बीमकले क्षतिपूर्ति प्रदान गर्दछ, अन्यथा प्रदान गर्दैन। यसरी क्षतिको निकटतम कारणको बीमा भएको हुनुपर्ने सिद्धान्तलाई निकटतम सिद्धान्त भनिन्छ। जस्तैः रामको घर बीमा गरिएको थियो। चट्याङ परेको कारणले उसको घरको बिजुलीको मिटरमा बिजुलीको तार सर्ट भयो र त्यसबाट उसको घरमा आगजनी भयो। यस उदाहरणमा, चट्याङ पर्नु, बिजुलीको तार सर्ट हुनु आदि घरमा आगो लाग्नुको कारणहरू हुन् तर आगो लाग्नुको सबैभन्दा नजिकको कारण भनेको तारमा सर्ट सर्किटिङ हुनु हो।

त्यसकारण अब रामले चट्याङको बीमा मात्र गरेको रहेछ भने उसले बीमा बापतको क्षतिपूर्ति प्राप्त गर्न सक्दैन। यदि उसले सर्ट सर्किटिङको समेत बीमा गरेको रहेछ भने बीमा बापतको क्षतिपूर्ति प्राप्त गर्न सक्छ। तसर्थ, निकटतम कारणको बीमा गरेको छ भने मात्र बीमकले बीमितलाई क्षतिपूर्ति प्रदान गर्दछ।

### (च) योगदानको सिद्धान्त

कुनै पनि बीमीतले आफ्नो सम्पत्ति एक भन्दा धरै बीमकसँग बीमा गराएको हुन सक्छ। त्यसरी एक भन्दा बढि बीमकसँग बीमा गराएको रहेछ भने क्षति हुँदाको बखत बीमितले सबै बीमकसँग छुट्टाछुट्टै क्षति बापतको रकम लिन सक्दैन। यदि उक्त बीमितले सबै बीमकसँग क्षति बापतको रकम लिने हो भने उसलाई क्षतिबाट नाफा हुन जान्छ। बीमा नाफा होइन क्षतिपूर्ति मात्र हो। यसरी नाफा गर्ने कार्यलाई मान्यता दिइयो भने बीमा सट्टेवाजी वा जुवामा परिणत हुन्छ। त्यसैले सबै बीमकहरूले कूल क्षतिपुर्ति रकमको योगफल बराबर हुनेगरी क्षतिभएको समानुपातिक हिसाबले बीमितलाई क्षतिपूर्ति रकमको योगफल बराबर हुनेगरी क्षतिभएको समानुपातिक हिसाबले बीमितलाई क्षतिपूर्ति प्रदान गर्दछन्। जसको कूल योगफल क्षति भएको रकम बराबर हुन पुग्दछ। जस्तैः रामको घरमा आगजनी भयो रु. १,००,००० बराबरको क्षति भयो। उसले तीन वटा बीमकहरू प्रत्येक सँग रु. १,००,००० को बीमा गरेको रहेछ। जसले गर्दा उसको एउटै सम्पत्तिको कूल बीमा रकम रु. ३,००,००० हुन पुग्यो। अब उसले बीमा दाबी गर्दा प्रत्येक बीमकसँग दाबी गरी रु. १,००,००० प्राप्त गर्न सक्दैन। बरु उसले तीनवटै बीमकबाट समानुपातमा बराबर रकम अर्थात प्रत्येक बीमकबाट रु. ३३,३३३.३३ गरी कूल रकम रु. १,००,००० मात्र प्राप्त गर्दछ।

## १०. बीमा ऐन

बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि वि.सं. २०७९ सालमा बीमा ऐन जारी गरिएको हो। सोही ऐनले बीमा प्राधिकरणलाई एउटा स्वायत्त नियमनकारी निकाय तुल्याएको हो। बीमा ऐनमा बीसवटा परिच्छेद भित्र जम्मा १७२ वटा दफाहरू रहको छन्। पहिलो परिच्छेदमा प्राधिकरणको संक्षिप्त नाम, विस्तार र प्रारम्भ तथा परिभाषा रहेका छन्। त्यसैगरी दोस्रो परिच्छेदमा प्राधिकरणको गठन व्यवस्था र काम, कर्तव्य र अधिकारको उल्लेख गरिएको छ। त्यसैगरी परिच्छेद तीनमा प्राधिकरणको कोष, लेखा तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था बारेमा उल्लेख गरिएको छ भने चौथो परिच्छेदमा बीमकको इजाजत पत्र सम्बन्धी व्यवस्था छ। परिच्छेद पाँचमा बीमकको पुँजी कोष तथा शेयर बाँडफाँड सम्बन्धी व्यवस्था गरीएको छ। परिच्छेद छमा संचालक समिति तथा कार्यकारि प्रमुख, सातौं परिच्छेदमा बीमा व्यवसाय संचालन, आठौं परिच्छेदमा लघु बीमा व्यवसाय,

नौं परिच्छेद पुनर्बीमा व्यवसाय र दशौं परिच्छेदमा बीमकको लेखा तथा लेखापरीक्षणको सम्बन्धमा व्यवस्था गरिएको छ । त्यसै गरी परिच्छेद एघारमा बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायक सम्बन्धी व्यवस्था, परिच्छेद बाह्रमा नियमन, निरीक्षण तथा अनुगमन, परिच्छेद तेह्रमा समस्याग्रस्त बीमक, परिच्छेद चौधमा बीमा व्यवसाय हस्तान्तरण तथा बीमक गाभ्ने वा गाभिने व्यवस्था, परिच्छेद पन्ध्रमा बीमा कम्पनीको दामासाही, परिच्छेद सोह्रमा बीमा दाबी, परिच्छेद सत्रमा उजुरी सम्बन्धी व्यवस्था, परिच्छेद अठारमा प्रदेशमा बीमा सञ्चालन र व्यवस्थापन, परिच्छेद उन्नाइसमा कारबाही, कसुर तथा दण्ड सजाय सम्बन्धी व्यवस्था गरिएको छ भने परिच्छेद बीसमा विवध अर्न्तगत बिमित हित संरक्षण कोष, बीमा विकास कोष, बीमा सुचना केन्द्र स्थापना, बीमा प्रतिष्ठानको स्थापना लगाएतका व्यवस्थाहरू रहेका छन् ।

## ११. बीमा नियमावली

बीमा ऐन, २०४९ लाई कार्यान्वयन गर्ने सहज तुल्याउनेको लागि नेपाल सरकारले बीमा नियमावली, २०४९ जारी गरेको छ । बीमा नियमावलीमा सात वटा परिच्छेद सहित कूल ४० वटा नियमहरू रहेका छन् ।

- पहिलो परिच्छेदमा नाम र परिभाषा खण्ड समेटिएको छ ।
- दोस्रो परिच्छेदमा बीमा व्यवसायको किसिमको बारेमा व्यवस्था गरिएको छ ।
- तोस्रो परिच्छेदमा बीमक सम्बन्धी व्यवस्था गरिएको छ ।
- चौथो परिच्छेदमा बीमा अभिकर्ता सम्बन्धी व्यवस्था गरिएको छ ।
- परिच्छेद पाँचमा सर्भेयर सम्बन्धी  व्यवस्था गरिएको छ ।
- त्यसैगरी परिच्छेद छ मा बीमा दाबी भुक्तानी सम्बन्धी व्यवस्था गरिएको छ ।
- अन्यत्र नसमेटिएको विविध व्यवस्थाहरू परिच्छेद सातमा उल्लेख गरिएको छ ।

## १२. नेपाल बीमा प्राधिकरण

नेपाल बीमा प्राधिकरण बीमा क्षेत्रको नियमनकारी निकाय हो । समग्र दक्षिण एशियामा नेपाल बीमा प्राधिकरण पहिलो बीमा नियमनकारी निकाय हो । नेपाल बीमा प्राधिकरण बीमा नियमनकारी निकायहरूको अन्तराष्ट्रिय संगठन (आई ए आई एस) को संस्थापक सदस्यको साथै दक्षिण एशियाली बीमा नियनकारी निकायहरूको संगठन साउथ एशियन रेगुलटर्स फोरमको सदस्य समेत हो । बीमा ऐन, २०७९ ले प्राधिकरणलाई अविच्छिन्न उत्तराधिकारवाला स्वायत्त निकायको रूपमा अधिकार सम्पन्न तुल्याएको छ । पाँच सदस्यीय सञ्चालक रहने प्राधिकरणको अध्यक्ष पूर्णकालीन कार्यकारी प्रमुख रहने

व्यवस्था छ । अध्यक्ष लगायत सञ्चालक समितिको सवै सदस्यहरूलाई नेपाल सरकारले नियुक्त गर्दछ । प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमाजिम रहका छन् :

- बीमा सम्बन्धमा नेपाल सरकारको सल्लाहकारको रूपमा कार्य गर्ने,
- राष्ट्रिय बीमा नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- बीमा कम्पनीको स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने, इजाजतपत्र गर्ने तथा खारेजी गर्ने,
- बीमा व्यवसायको लागि आवश्यक विनियम, निर्देशिका, मार्गदर्शन तथा आदेश जारी गर्ने,
- बीमा मध्यस्थकर्तालाई इजाजतपत्र प्रदान गर्ने, नवीकरण तथा खारेजी गर्ने,
- बीमा व्यवसायसँग सम्बन्धीत पूँजी तथा पूँजीकोष निर्धारण गर्ने,
- बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाउन आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्ने,
- बीमा व्यवसायको विकास तथा विस्तारको लागि अध्ययन, अनुसन्धान, तालिम, अभिमुखीकरण तथा सचेतना सम्बन्धी कार्य गर्ने वा गराउने ,
- बीमा दायित्व निर्धारण सम्बन्धमा बीमक विरूद्ध बीमितले दिएको उजुरी उपर निर्णय गर्ने,
- बीमाका विभिन्न पक्षहरूको बीचको विवाद निरूपण गर्ने,
- बीमा व्यवसायको जोखिम न्यूनिकरण गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,
- बीमा व्यवसायको विकासको लागि दक्ष जनशक्ति उत्पादन गर्ने तथा बीमा शिक्षाको प्रवर्द्धनको सम्बन्धमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- बीमाको पहुँच सबै जनतासम्म पुऱ्याउन बीमा व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- बीमाको पहुँच न्यून आय भएका वर्गका जनतासम्म पुऱ्याउन लघुबीमा व्यवसायको प्रवर्द्धन गर्ने,
- बीमा व्यवसायको नियमन, निरीक्षण, सुपरीवेक्षण तथा विकासका लागि अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय, सहकार्य गर्ने तथा सूचना आदान प्रदान गर्ने,
- विदेशी मुलुकका बीमा नियमनकारी निकायका साथै अन्तर्राष्ट्रिय सङ्घ संस्था, बीमा सम्बन्धी अध्ययन, अनुसन्धान तथा तालिम कार्यक्रम सञ्चालन गर्ने गराउने अन्य सङ्घ संस्थासँग सहकार्य गर्ने,
- बीमा नियमन सम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ संस्थामा नेपाल सरकार वा प्राधिकरणको

तर्फबाट प्रतिनिधित्व गर्ने तथा त्यस्ता संस्थाको सदस्यता प्राप्त गर्ने,

- ❑ बीमित हित संरक्षण कोषको सञ्चालन तथा अन्य आवश्यक कार्य गर्ने तथा गराउने,
- ❑ बीमा सम्बन्धमा प्रदेशसँग समन्वय गर्ने,
- ❑ बीमा सम्बन्धी नियामक निकायको हैसियतमा गर्नु पर्ने आवश्यक कार्य गर्ने ।

## १३. बीमक इजाजतपत्र सम्बन्धी कानूनी व्यवस्था

बीमा कम्पनी (बीमक) स्थापना गर्नका लागि बीमा ऐन, २०७९ मा विभिन्न व्यवस्थाहरू गरिएको छ । नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र नलिई बीमा व्यवसाय गर्न वा गराउन नहुने व्यवस्था रहेको छ। बीमा ऐन, २०७९ को परिच्छेद चारमा बीमकको इजाजतपत्र सम्बन्धी व्यवस्था गरिएको छ। ऐनको दफा २४ को उपदफा (१) मा यस ऐन बमोजिम इजाजतपत्र नलिई कसैले पनि बीमा, पुनर्बीमा बीमाकोष, जस्ता जुनसुकै शब्द प्रयोग गरि वा नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बीमा व्यवसाय सम्बन्धी कुनै पनि कारोबार, व्यवसाय, उद्योग वा व्यापार गर्न र गराउन हुँदैन भन्ने उल्लेख छ । त्यस्तै उक्त दफाको उपदफा (२) मा उपदफा (१) विपरीत हुने गरी कसैले पनि बीमा व्यवसाय सम्बन्धी कारो बार, व्यवसाय, व्यापार वा उद्योग गर्ने वा अन्य कुनै प्रयोजनका लागि आफ्नो कम्पनी फर्म वा संस्थाको नाममा बीमा, पुनर्बीमा, बीमाकोष जस्ता शब्दहरू प्रयोग गर्नु हुदैंन । उपदफा (३) मा कसैले पनि यस ऐन बमोजिम इजाजतपत्रप्राप्त बीमक बाहेक अन्य कुनै कम्पनी, फर्म वा संस्थासँग बीमा सम्बन्धी कारोबार वा बीमा व्यवसाय गर्न वा गराउन हुँदैन ।

ऐनको दफा (२८) मा बीमकले इजाजतपत्रको लागि प्राधिकरणमा नियमानुसार निवेदन दिनुपर्ने व्यवस्थाको बारेमा व्याख्या गरेको छ भने दफा (२९) मा प्राधिकरणले बीमकको इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा व्याख्या गरेको छ।

## १४. साबीक बीमा समिति हाल प्राधिकरणबाट जारी भएको निर्देशनहरू

बीमा व्यवसायको समस्याहरू समाधान गर्ने तथा व्यवसायलाई थप मर्यादित तुल्याउनको लागि बीमा ऐन, २०४९ ले दिएको अधिकार प्रयोग गरी बीमा कम्पनी तथा बीमा मध्यस्थकर्ताको लागि निर्देशन तथा निर्देशिका जारी गर्दै आएको छ। प्राधिकरणले हालसम्म जारी गरेको निर्दशनहरू देहाय बमोजिम रहेका छन् :

- ❑ गैरस्थलगत निरिक्षण म्यानुअल,२०६४
- ❑ ईजाजतपत्र प्राप्त सम्बन्धी निर्देशन, २०६४
- ❑ निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको बित्तीय विवरण सम्बन्धी निर्देशन (जारी मिति: २०६५।१०।२०)

- जीवन बीमा सम्बन्धी पुनर्बीमा निर्देशिका,२०६५
- निजीवन बीमा सम्बन्धी पुनर्बीमा निर्देशिका, २०६५
- जीवन बीमकको आर्थिक लेखाजोखा र दायित्वको मुल्यांकन निर्देशिका,२०६५
- बीमकको वेब साइट सम्बन्धि व्यवस्था,२०६५
- सामुन्द्रिक बीमा दर सम्बन्धी निर्देशिका,२०६५

- जीवन बीमा व्यवसाय गर्ने बीमकको बित्तीय विवरण सम्बन्धी निर्देशन (जारी मितिः २०६६।०५।०२)
- मोटर बीमा दर सम्बन्धी निर्देशिका,२०६६ (लागू मिति २०६६/०५/०१)
- बीमकको संस्थापक शेयर कारोबार (खरिद बिक्री) सम्बन्धी निर्देशन,२०६६
- बीमकको लेखा परीक्षक छनौटको आधार सम्बन्धी निर्देशन,२०६६
- बीमकको एअरमार्क सम्बन्धी निर्देशन,२०६६

- जीवन बीमा व्यवसाय गर्ने बीमकको बित्तीय विवरण सम्बन्धी निर्देशन (परिमार्जीत मिति २०६७।०५।१३)

- सामान्द्रिक बीमा दर सम्बन्धी निर्देशिका, २०६५ (परिमार्जीत मिति २०६८।०३।१०)

- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशिका,२०६९
- बाली तथा पशुपन्छी बीमा निर्देशन,२०६९
- बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,२०६९

- बीमक गाभ्ने तथा गाभिने सम्बन्धी निर्देशिका,२०७०

- लघुबीमा निर्देशिका,२०७१
- निजीवन बीमकको लगानी निर्देशन (संशोधित-२०७१)
  जीवन बीमकको लगानी निर्देशन (संशोधित-२०७१)
  बैंकर्स क्षतिपूर्ति निर्देशिका

- बीमकको आन्तरिक लेखा परीक्षण निर्देशिका, २०७२ लङ फर्म अडिट सम्बन्धी निर्देशन,२०७२

- ❑ बीमकले संचालन गर्ने बीमा अभिकर्ताको तालिम निर्देशिका,२०७२
- ❑ बीमा समिति तालिम कार्यविधि,२०७२
- ❑ बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,२०७३
- ❑ बैदेशिक रोजगार म्यादी जीवन बीमा सम्बन्धी निर्देशन,२०७३ (जारी मितिः २०७३/१०/१२)
- ❑ बाली तथा पशुधन निर्देशिका ,२०६९ (परिमाजीत २०७३।०४।०१)
- ❑ मोटर बीमा दर सम्बन्धी निर्देशिका,२०७३ (जारी मितिः२०७३/०४/०१)
- ❑ बीमकको कार्यकारी प्रमुखको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी मार्गदर्शन,२०७४
- ❑ बीमकको लगानी निर्देशिका, २०७५ (जारी मितिः २०७५/११/२९)
- ❑ सम्पत्ति बीमा निर्देशिका, २०७५ (जारी मितिः २०७५/०९/०८)
- ❑ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७५
- ❑ बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५
- ❑ लघुबीमा निर्देशिका २०७१ (परिमाजीत २०७५/०४/२४)
- ❑ दाबी भुक्तानी मार्गदर्शन, पहिलो संशोधन २०७६
- ❑ पुनबीमा व्यवसाय (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०७६
- ❑ निजीवन तथा पुनबीमा व्यवसाय गर्ने बीमकको बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७६ (जारी मितिः २०७६/१२/०६)
- ❑ बीमा दाबी भुक्तानी मार्गदर्शन, २०७६ (जारी मितिः २०७६/११/२१)
- ❑ बीमकको सूचना प्रविधि मार्गदर्शन, २०७६ (जारी मितिः २०७६/११/१४०)
- ❑ लघु बीमा निर्देशिका, २०७६ (परिमार्जित मितिः २०७६/११/०८)
- ❑ शाखा रहित घुम्ती बीमा सेवा सम्वन्धी मार्गदर्शन, २०७६ (जारी मितिः २०७६/०८/२५)
- ❑ बीमकले सहकार्यमा बीमा व्यवसाय संचालन गर्दा अपनाउनुपर्ने नीतिगत मार्गदर्शन,२०७६ (जारी मितिः २०७६/०८/२२)
- ❑ जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७६ (जारी मितिः २०७६/०५/२४)

- बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६ (परिमार्जित २०७६/०१/१५)

- संस्थापक शेयर कारोबार सम्बन्धी निर्देशिका,२०७७
- कृषि तथा पशुपन्छी बीमा निर्देशिका,२०७७ (जारी मितिः २०७७/११/१७)
- जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको NFRS मा आधारित वित्तीय विवरण सम्बन्धी निर्देशिका, २०७७
- पुनबीमा बीमा ब्यवसाय गर्ने बीमकहरुको NFRS मा आधारित वित्तीय विवरण सम्बन्धी निर्देशिका, २०७७
- निजीवन बीमा ब्यवसाय गर्ने बीमकहरुको NFRS मा आधारित वित्तीय विवरण सम्बन्धी निर्देशिका, २०७७
- कृषि तथा पशुपन्छी बीमा निर्देशिका,२०७७ (जारी मितिः २०७७/०८/१५)
  कोरोना बीमालेख - Corona Insurance Policy (Ammendment Date: 2077.05.28)
- जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७७ (परिमार्जीत मितिः २०७७/०५/०२)
- कोरोना बीमा मापदण्ड, २०७७ (जारी मितिः २०७७/०४/२१)

- जीवन बीमालेख सम्बन्धी निर्देशिका,२०७८
- पुनबीमा दलाल (ब्रोकर) सम्बन्धी निर्देशिका, २०७८
- संस्थागत बीमा अभिकर्ता सम्बन्धी निर्देशिका, २०७८
- "बीमा दाबी भुक्तानी (दोस्रो संशोधन) मार्गदर्शन, २०७८"
  Internal Audit Directive for Insurers, 2079 B.S. (Approved by the Board on 2079-02-03)
- कृषि,पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका,२०७९
- बीमकको संस्थागत सुशासन सम्बन्धी (तेस्रो संशोधन) निर्देशिका, २०७९ मितिः २०७९।०२।१०
- बीमक दर्ता तथा व्यवसाय संचालन सम्बन्धी पहिलो संशोधन समेत निर्देशिका-२०७३
- बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका (दोस्रो संशोधन समेत), २०७५

- ❑ बीमक गाभ्ने, गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका (प्रथम संशोधन सहित), २०७६
- ❑ बीमकको कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य सुविधा सम्बन्धी (पहिलो संशोधन सहित) मार्गदर्शन, २०७४

  Risk Based Capital and Solvency Directive, 2022 (2078)
- ❑ बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका (पहिलो संशोधन सहित),२०७५
- ❑ जलवायु जोखिम सम्बन्धी निर्देशिका, २०७८ (मिति : २०७८/१०/०२)
- ❑ बीमकको पुनबीमा निर्देशिका, २०७८ (प्रथम संशोधन मिति : २०७८/०८/१६)
- ❑ दुर्घटना बीमा निर्देशिका, २०७८ (जारी मितिः २०७८/०७/२९)
- ❑ बीमकको पुनबीमा निर्देशिका, २०७८ (जारी मितिः २०७८/०५/२९)

- ❑ जीवन बीमालेख सम्बन्धी निर्देशिका, २०७९
- ❑ लघुबीमा निर्देशन, २०७९

  Own Risk Solvency Assessment Directives, 2023 (2079)
- ❑ बीमकको शाखा कार्यालय सम्बन्धी निर्देशिका-२०७९
- ❑ बीमकको संस्थागत सुशासन सम्बन्धी (चौथो संशोधन) निर्देशिका,२०७९
- ❑ बीमा दाबी भुक्तानी मार्गदर्शन (तेस्रो संशोधन),२०७९
- ❑ बीमक गाभ्ने, गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका (तेस्रो संशोधन सहित), २०७६
- ❑ बीमा मध्यस्थकर्ता (अभिकर्ता) परीक्षा संचालन सम्बन्धी निर्देशिका, २०७९
- ❑ लघु निजीवन बीमकको लगानी निर्देशन,२०७९
- ❑ लघु जीवन बीमकको लगानी निर्देशन,२०७९
- ❑ पुनर्बीमकको लगानी निर्देशन,२०७९
- ❑ निजीवन बीमकको लगानी निर्देशन,२०७९
- ❑ जीवन बीमकको लगानी निर्देशन,२०७९
- ❑ लघु बीमक संस्थापना तथा दर्ता सम्बन्धी निर्देशिका, २०७९

- ❑ बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी (दोश्रो संशोधन) निर्देशिका, २०८०

## १५. बीमाको प्रकार

बीमालाई विभिन्न तरिकाले विभाजन गर्न सकिन्छ। प्रत्येक देशमा स्थानिय कानून अनुसार बीमालाई विभिन्न प्रकारमा विभाजन गरिएको हुन्छ। नेपालमा बीमा नियमावली, २०४९ अनुसार बीमालाई जीवन, निर्जीवन र पुनर्बीमा गरी तीन भागमा विभाजन गरिएको छ। साथै जीवन, निर्जीवन र पुनर्बीमा व्यवसायलाई पुनः विभिन्न भागमा विभाजन गरिएको छ।

## १६. जीवन बीमा

मानिसको जीवनको जोखिम विरुद्ध गरिने बीमालाई जीवन बीमा भनिन्छ। मानिसको जीवनमा आइपर्ने जोखिमले मानिसको जीवनलाई कुनै क्षति पुगेमा वा मृत्यु भएमा बीमाले सो वापत क्षतिपूर्ति प्रदान गर्ने गर्दछ। साथै जीवन बीमाले बचतको कार्य समेत गर्दछ। साधारण प्रकृतिको बीमामा बीमा अवधिको अन्तमा बोनस सहित बीमांक रकम प्राप्त हुने हुनाले यसमा लगानीको समेत गुण हुने गर्दछ। यसले बीमितको वा बीमित प्रति आश्रित व्यक्तिहरूको जीवनको आर्थिक सुरक्षा समेत गर्दछ।

बीमा ऐन, २०७९ को दफा २ (ज)मा 'जीवन बीमा भन्नाले कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको उमेरको आधारमा एकमुष्ठ वा किस्ताबन्दिमा कुनै खास रकम बुझाएमा निज वा निजले अख्तीयारी दीएको व्यक्तीले वा निजको मृत्यु भएको अवस्थामा बीमा लेखमा उल्लेख भए बमोजिम निजले अख्तीयार दीएको व्यक्ति वा निजले इच्छाएको व्यक्ति वा निजको हकवालाले कुनै खास रकम पाउने गरी बीमकले बीमितसँग गरेको करार सम्झनु पर्दछ" भनि परिभाषित गरिएको छ।

## १७. जीवन बीमाको प्रकार

बीमा नियमावली, २०४९ को नियम ५ अनुसार जीवन बीमालाई सावधिक जीवन बीमा, आजीवन जीवन बीमा र म्यादी जीवन बीमा गरी तीन प्रकारमा विभाजन गरिएको छ।

### क) आजीवन जीवन बीमा

बीमितको मुत्युपश्चात निजको हकवालालाई बीमा बापतको रकम प्रदान गर्ने गरी बीमितको जीवनभरीको लागि गरिएको बीमालाई आजीवन जीवन बीमा भनिन्छ। यस्तो जीवन बीमामा बीमितले जीवनभरी बीमाशूल्क बुझाउनु पर्दछ। बीमितको मृत्युपश्चात बीमितको हकवालालाई एकमुष्ठ बीमा बापतको रकम प्रदान गरिनेछ। आफ्नो मृत्युपश्चात आफ्नो आश्रितहरूको आर्थिक अवस्थामा कुनै कमी नआओस्

भन्नाको लागि यस प्रकारको बीमा गरिनेछ।

**१. साधारण आजीवन जीवन बीमा**

बीमितको मृत्युपश्चात निजको हकवालालाई बीमा बापतको रकम प्रदान गर्ने गरी बीमितको जीवनभरीको लागि गरिएको बीमालाई साधारण आजीवन बीमा भनिन्छ। यस्तो जीवन बीमामा बीमितले जीवनभरी बीमाशूल्क बुझाउनु पर्दछ। बीमितको मृत्युपश्चात बीमितको हकवालालाई एकमुष्ठ बीमा बापतको रकम प्रदान गरिनेछ। आफ्नो मृत्युपश्चात आफ्नो सन्तानहरूको आर्थिक अवस्थामा कुनै कमी नआओस भन्नको लागि यस प्रकारको बीमा गरिन्छ। यस्तो बीमामा बीमित दीर्घजीवी भएमा बीमाशुल्क बुझाउन कठिन हुन्छ।

**२. सीमित भुक्तानी आजीवन जीवन बीमा**

बीमितले निश्चित अवधि (सीमित अवधि, जस्तैः १५, २०, २५ वर्ष) सम्म मात्र बीमाशुल्क बुझाए पुग्ने आजीवन बीमालाई सीमित भुक्तानी आजीवन जीवन बीमा भनिन्छ। यस्तो बीमामा तोकिएको सीमित अवधिसम्म बीमाशूल्क बुझाए तापनि बीमित जीवित रहेसम्म बीमा बापतको रकम पाउँदैन। बीमितको मृत्यु भएपश्चात मात्र बीमा बापतको रकम निजको हकवालालाई प्रदान गरिनेछ। यदि बीमितको मृत्यु बीमाशुल्क तिर्न सीमित अवधि अघि नै भयो भने बीमाशूल्क बुझाउनु पर्दैन र बीमा बापतको सम्पूर्ण रकम समेत उसको हकवालालाई प्रदान गरिनेछ। साधारणतया यस्तो बीमामा बीमकहरूले बीमितको उमर ८० वर्ष वा बीमाशुल्क बुझाउने थालेको ३५ वर्ष जुन पहिले हुन्छ, सोही अवधिसम्म मात्र बीमाशूल्क बुझाए पुग्ने व्यवस्था गर्नु गर्दछन्।

**३. समय अघि नै प्रयोग गर्न पाइने आजीवन जीवन बीमा**

बीमित जीवित नै रहेमा बीमांकको केही प्रतिशत रकम बीमा गरेको केही वर्षपछि, त्यस्तै केही प्रतिशत रकम त्यसको केही वर्षपछि र बाँकी रहेको रकम बीमितको मृत्युपश्चात निजको हकवालालाई प्रदान गरिने बीमालाई समय अघि नै प्रयोग गर्न पाइने आजीवन जीवन बीमा भनिन्छ। बीमितले बीमाशूल्क सीमित भुक्तानी आजीवन जीवन बीमामा जस्तैः बीमा प्रारम्भ भएको केही वर्षसम्म मात्र बुझाए पुग्छ। तर बीमितको मृत्यु बीमाशूल्क बुझाउने अवधि भित्रै भयो भने पूरै रकम बीमितको हकवालाई प्रदान गरिनेछ। यस्तो बीमा खासगरी १५, २० र २५ वर्षको हुने गर्दछ।

## (ख) सावधिक जीवन बीमा

बीमितले बीमाको अवधि यकिन गरी बीमा अवधिको बीचमा बीमितको मृत्यु भएमा बीमितको हकवालालाई र बीमित जीवितै रहमा निजलाई पूर्व निश्चित रकम प्रदान गरिने गरि कुनै निश्चित अवधिसम्मको लागि गर्ने बीमालाई सावधिक जीवन बीमा भनिन्छ। यस प्रकारको बीमामा बीमाको अवधि साधारणतया दश, बाह्र, पन्ध्र, बीस र पच्चीस वर्षको हुने गर्दछ। बीमा अवधिभित्रै बीमितको मृत्यु भएमा बाँकी अवधिको बीमाशूल्को भुक्तान गर्नु पर्दैन। सावधिक जीवन बीमा अन्य जीवन बीमाहरू भन्दा महंगा हुने गर्दछ। सावधिक जीवन बीमाको प्रकारहरू दहाय बमाजिम रहेको छन् :

### १. साधारण सावधिक जीवन बीमा

कुनै निश्चित अवधिसम्म (जस्तैः १०, १२, १५, २०, २५ वर्ष) वा बीमितको मृत्यु नहुनजले सम्म कायम रहने बीमालाई साधारण सावधिक जीवन बीमा भनिन्छ। यस प्रकारको बीमामा बीमित जिवितै रहेमा निजलाई र निजको मृत्यु भएमा निजको हकवालालाई पूर्व निधाति रकम प्रदान गरिनेछ। यसको बीमाशूल्क रकम आजीवन बीमामा भन्दा बढि हुने गर्दछ। यस्तो बीमाबाट यदि बीमित दिर्घजीवी भएमा बुढेसकालमा आर्थिक सुरक्षा हुन्छ भने बीमितको असमयमै मृत्यु भएमा उसको आश्रितहरूको आर्थिक सुरक्षा हुन्छ। नेपाली बीमा बजारमा सावधिक जीवन बीमा भन्नाले साधारण जीवन बीमा सम्झने प्रचलन रहीआएको छ।

### २. शुद्ध सावधिक जीवन बीमा

बीमा अवधि समाप्त भएपश्चात कुनै निश्चि रकम प्रदान गर्ने गरी कुनै निश्चित अवधिसम्म (जस्तैः १०, १२, १५, २०, २५ वर्ष) को लागि गरिने बीमालाई शुद्ध सावधिक जीवन बीमा भनिन्छ। यस्तो बीमामा बीमाको अवधि समाप्त भएपश्चात बीमितलाई नै पूर्व निर्धािरित रकम प्रदान गर्ने गरिनेछ। यदि बीमा अवधि भित्र बीमितको मृत्यु भएमा बीमकले कसैलाई कुनै रकम भुक्तानी गर्नुपर्दैन। साथै बीमतिको हकवालाले पनि बीमा रकम दाबी गर्ने सक्दैनन्।

शुद्ध सावधिक जीवन बीमा फिर्ता रहति र फिर्ता सहित गरी दुई प्रकारको हुन्छ।

साधारणतया शुद्ध सावधिक जीवन बीमा भन्नाले फिर्ता रहित शुद्ध सावधिक जीवन बीमा बुझिन्छ। फिर्ता सहित शुद्ध सावधिक जीवन बीमामा बीमा आवधिसम्म बीमित जीवितै रहेमा निजलाई नै र बीमा अवधिभित्र निजको मृत्यु भएमा बीमाशूल्क बापत निजले तिरे बराबरको रकम बीमितको आश्रितलाई भुक्तानी गरिनेछ।

### ३. दोहोरो सावधिक जीवन बीमा

बीमाको अवधि समाप्ति मिति सम्म बीमित जीवितै रहेमा बीमितलाई नै र बीमाको आवधि भित्र बीमितको मृत्यु भएमा निजको हकवालालाई बीमा रकम (बीमांक) को दुईगुना रकम प्रदान गर्ने गरी गरिएको बीमालाई दोहोरो सावधिक जीवन बीमा भनिन्छ । आफ्नो परिवारको आर्थिक सुरक्षा गर्ने चाहने व्यक्तिहरूको लागि यो बीमालेख ज्यादै उपयागी हुन्छ। यस्तो बीमा अन्य बीमाहरू भन्दा केही महंगा हुने गर्दछ।

### ४. समय अघि नै प्रयोग गर्ने पाइन सावधिक जीवन बीमा

बीमित जीवित नै रहेमा बीमांकको केही प्रतिशत रकम बीमा गरेको केही वर्षपछि, त्यस्तै केही प्रतिशत रकम त्यसको केही वर्षपछि र बाँकी रहेको रकम बीमा अवधि समाप्त भएपश्चात प्रदान गरिने बीमालाई समय अघि नै प्रयोग गर्न पाइने सावधिक जीवन बीमा भनिन्छ । जस्तैः बीमा अवधि समाप्त हुनु भन्दा दश वर्ष पहिला बीमा रकमको बीस प्रतिशत, बीमा अवधि समाप्त हुनु भन्दा पाँच वर्ष पहिले बीस प्रतिशत र बाँकी साठ्ठी प्रतिशत रकम बीमा अवधि समाप्त भएपश्चात प्रदान गर्नु। यदि बीमा अवधि भित्रै बीमितको मृत्यु भएमा मृत्यु हुनु अघि बीमितले जतिसुकै रकम लिएको भएता पनि निजको हकवालालाई पुरै बीमा रकम भक्तानी गरिनेछ । यस्तो बीमा खासगरी १५, २० र २५ वर्षको हुने गर्दछ।

### ५. बिलम्बित सावधिक जीवन बीमा

बीमाको अवधि भित्र बीमितको मृत्यु भए पनि वा नभएपनि बीमाको अवधि समाप्त भएपश्चात मात्र बीमा बापतको निश्चित रकम बीमित वा बीमितको हकवालालाई प्रदान गर्ने बीमालाई बिलम्बित सावधिक जीवन बीमा भनिन्छ। यस्तो बीमामा बीमा अवधि भित्रै बीमकको मृत्यु भएमा उक्त मिति देखि बीमाशूल्क चाँहि बुझाउनु पर्दैन । बीमाको अवधि समाप्त नहुञ्जेल बीमकले कुनै पनि हालतमा बीमा बापतको रकम फिर्ता गर्दैन । अन्य बीमाको तुलनामा यस्तो बीमाको बीमाशूल्क कम हुन्छ।

## (ग) म्यादी जीवन बीमा

बीमाको अवधि भित्र बीमितको मृत्यु भएमा निजको हकवालालाई बीमा बापतको रकम प्रदान गर्ने गरी छोटो अवधिको लागि गरिने बीमालाई म्यादी जीवन बीमा भनिन्छ । यस्तो बीमामा बीमा गरिएको आवधिभित्र बीमितलाई केही भएन भने

उक्त अवधि पश्चात कुनै पनि रकम बीमितले पाउँदैन। यो बीमा केवल सुरक्षा दिने खालको मात्र हुन्छ, यसमा लगानी वा बचत हुँदैन। यो बीमाको आवधि साधारणतया १, ५, ७, १० वर्षको हुने गर्दछ। बीमाको अवधि समाप्त भएपश्चात यसलाई नवीकरण गर्नु पर्दछ। अन्यथा यो बीमा स्वतः समाप्त हुन्छ। अन्तमा रकम फिर्ता नपाउने यो बीमा जीवन बीमाको अन्य प्रकारहरू भन्दा सस्ता हुन्छन्। म्यादी जीवन बीमा लाई दुंइ प्रकारमा बिभाजन गर्न सकिन्छः

**१. अस्थायी म्यादी जीवन बीमा**

अत्यन्तै छिटो अवधिको लागि गरिने म्यादी जीवन बीमालाई अस्थायी म्यादी जीवन बीमा भनिन्छ। साधारणतया १ या २ वर्षको म्याद राखी गरिने बीमा अस्थायी म्यादी जीवन बीमा हुन्। बीमा अवधिको बीमाशूल्क एकमुष्ट रुपमा बुझाउनु पर्दछ। बीमाको अवधि रहुन्जेल बीमितको मृत्यु भएमा निजको हकवालालाई बीमा बापतको रकम भुक्तानी गर्ने गरिनेछ। अवधि समाप्त हुन्जेल सम्म बीमित जीवितै रहेमा कुनै रकम बीमितलाई फिर्ता दिइँदैन। बीमाको अवधि समाप्त भएपश्चात स्वतः अवधि समाप्त हुन्छ र यसलाई नवीकरण गरिँदैंन।

**२. नवीकरणीय म्यादी जीवन बीमा**

अस्थायी म्यादी जीवन बीमा भन्दा लामो अवधिका लागि (जस्तैः ५, ७, १०) वर्षहरूको लागि बीमा अवधि सकिएपश्चात् नवीकरण गरिने म्यादी जीवन बीमालाई नवीकरणीय म्यादी जीवन बीमा भनिन्छ। यस्तो बीमा अवधि सकिनासाथ तुरुन्त नवीकरण गर्नु पर्दछ। बीमा अवधिको बीमाशूल्क एकमुष्ट रुपमा बुझाउनु पर्दछ र नवीकरण अगाडि नै नवीकरण बापत बीमाशूल्क बुझाउनु पर्दछ। प्रत्येक पटक बीमा नवीकरण गर्दा बीमितको उमेर तथा स्वास्थ्यको अवस्था अनुसार बीमाशूल्क वृद्धि हुन सक्छ। बीमाको अवधि बहाल रहुन्जेल बीमितको मृत्यु भएमा निजको हकवालालाई बीमा बापतको रकम भुक्तानी गर्ने गरिनेछ। अवधि समाप्त हुन्जेल सम्म बीमित जीबितै रहेमा कुनै रकम बीमितलाई फिर्ता दिइँदैन।

## १८. अन्य आधारमा जीवन बीमाको वर्गीकरण

### (क) एकल र संयुक्त जीवन बीमालेख

एकजना मात्र व्यक्तिको जीवन बीमा गर्न जारी गरिएको बीमालाई एकल बीमा र एकभन्दा बढी व्यक्तिहरूको एकैसाथ जीवन बीमा गर्न जारी गरिएको बीमालाई संयुक्त बीमा भनिन्छ। निजी बीमाकर्ताहरूको लागि एकल जीवन बीमा उपयुक्त

हुन्छ भने श्रीमान् श्रीमती, साझेदारहरू कर्मचारी आदिका लागि संयुक्त जीवन बीमा उपयुक्त हुन्छ।

### (ख) एकमुष्ट र किस्ताबन्दी दाबी भुक्तानी जीवन बीमा

बीमा अवधिभित्र बीमितको मृत्यु भएमा वा बीमा अवधि समाप्त भएपश्चात बीमित वा निजको हकवालालाई एकमुष्ट रुपमा सम्पूर्ण रकम एकैपल्ट भुक्तनी गरिने जीवन बीमालाई एकमुष्ट दाबी भुक्तानी जीवन बीमा भनिन्छ भने किस्ताबन्दी रुपमा निश्चित अवधिसम्म लगातार दाबी रकम भुक्तानी गरिरहने जीवन बीमालाई किस्ताबन्दी भुक्तानी जीवन बीमा भनिन्छ।

### (ग) मुनाफामा सरिक हुने र नहुने जीवन बीमा

बीमकहरूले आर्जन गरेको मुनाफाको निश्चित हिस्सा बीमा अवधि समाप्त भएपश्चात बीमितलाई वा बीमा अवधिमा बीमितको मृत्यु भएमा निजको हकवालालाई प्रदान गरिने बीमालाई मुनाफामा सरिक हुने बीमा वा मुनाफा सहितको जीवन बीमा भनिन्छ। मुनाफामा सरिक हुने हुनाले यो बीमा अन्य बीमाहरूभन्दा महंगो हुनुका साथै यस्तो बीमितहरूले बीमकको मुनाफामा मात्र सरिक भए हुन्छ। बीमकलाई यदि घाटा भयो भने सहभागी हुनु पर्दैन। बीमितहरूले बीमकको मुनाफाबाट पाउने अंशलाई बोनस भनिन्छ। मुनाफामा सरिक नहुने बीमितले मुनाफाको हिस्सा पाउँदैन केवल बीमांक बराबरको रकम मात्र प्राप्त गर्दछ।

## १९. निर्जीवन बीमा

जीवन बीमा बाहेकको सम्पत्ति तथा दायित्व सम्बन्धी बीमालाई निर्जीवन बीमा भनिन्छ। सम्पत्ति तथा दायित्व सम्बन्धी जोखिम विरुद्ध गरिने बीमालाई निर्जीवन बीमा भनिन्छ। बीमा ऐन, २०७९ को दफा २ (ठ) बमोजिम 'निर्जीव बीमा व्यवसाय भन्नाले जीवन बीमा तथा पुनर्बीमा बाहेकको बीमा सम्झनु पर्छ र सो शब्दले कुनै सम्पत्ती वा दायित्वको जोखिमका सम्बन्धमा बीमा शुल्क लिई बीमालेखमा उल्लेख भए बमोजीमको जोखिम स्वीकार गरे बापत कुनै खास रकम हर्जाना वा क्षतिपूर्ति प्रदान गर्ने बीमकले बीमितसँग गरेको करार सम्झनु पर्दछ।

## २०. निर्जीवन बीमाका प्रकार

बीमा नियमावली, २०४९ को नियम ५ अनुसार निर्जीवन बीमालाई सामुद्रिक बीमा, अग्नी बीमा, मोटर बीमा, हवाई बीमा, इन्जिनियरिङ्ग तथा ठेकेदार जोखिम बीमा र विविध बीमा गरी छ भागमा बिभाजन गरिएको छ।

## २१. अग्नी बीमा

आगोबाट हुन सक्ने सम्भाव्य जोखिम विरुद्ध सुरक्षा प्रदान गर्ने बीमालाई अग्नी बीमा भनिन्छ। अथवा आगोद्वारा घटित घटनाबाट भएको क्षतिको आर्थिक क्षतिपूर्ति पाउने गरी गरिएको बीमालाई अग्नी बीमा भनिन्छ। आगो मानिसको लागि अत्यन्तै आवश्यक वस्तु भएतापनि यसैको कारणबाट ठूलो जनधनको क्षति हुन सक्छ।

## २२. अग्नी बीमाका प्रकारहरू

### (क) क्षतिपूर्तिको आधारमा अग्नी बीमाको प्रकार

#### १. मूल्यांकन बीमा

बीमित सम्पत्तिको निश्चित मूल्य निधारण गरी गरिने बीमालाई निश्चित मूल्य वा मूल्यांकित बीमा भनिन्छ। कुनै घटना घटी बीमितलाई क्षतिपूर्ति दिनु पर्ने भएमा उल्लेखित रकम बराबर मात्र क्षतिपूर्ति प्रदान गरिनेछ। कतिपय वस्तुको हानी भएको समयमा कति हानी भयो भनेर यकिन गर्न कठिन हुने हुनाले यस्तो बीमा गर्नु उपयुक्त मानिन्छ। जस्तै ः बहुमूल्य वस्तुहरू, सुन, चाँदी, गहना आदि। यस्तो बीमामा बीमा गर्नु पूर्व सम्बन्धित विशेषज्ञबाट बीमा गरिने सम्पत्तिको मूल्य निर्धारण गरिनेछ। उक्त मूल्यमा बीमक र बीमित दुबै पक्ष सहमत भएपश्चात बीमितले बीमकलाई बीमाशूल्क बुझाउँछ र बीमा करार गरिनेछ। क्षति हुँदा उक्त वस्तुको बजार मूल्य बढे घटेमा मतलव नगरी पूर्व निश्चित रकम नै भुक्तानी दिइन्छ।

#### २. औषत बीमा

औषत बीमा भन्नाले बीमा गरिने सम्पत्तिको वास्तविक मूल्यभन्दा कम मूल्यमा बीमा गरी वास्तविक र बीमित मूल्य बीचको अन्तरको क्षति बीमति र बीमक दुबैले समानुपातमा व्यहोर्ने बीमालाई औषत बीमा भनिन्छ। आफ्नो वस्तु विभिन्न स्थानमा राख्नु पर्ने भएको हुनाले व्यापारी तथा उद्योगीहरूका लागि यो बीमा उपयुक्त हुन्छ। यस्तो बीमामा यदि क्षति आइपरेमा बीमित र बीमक दुबैले समानुपातिक हिसावमा क्षति बहन गर्नु पर्दछ। जस्तैः कुनै बीमितले रु. १,००,००० को वस्तुको रु. ८०,००० मात्र बीमा गराएको खण्डमा यदि उक्त वस्तु आगलागीबाट क्षति भएमा रु. १,००,००० भित्र जति रकमको क्षति भएतापनि बीमकले ८० प्रतिशत मात्र क्षतिपूर्ति गर्दछ भने बाँकी २० प्रतिशत रकम बीमितले नै व्यहोर्नु पर्दछ।

#### ३. बिशिष्ट बीमा

बीमितले आफ्नो सम्पत्तिको वास्तविक मूल्य भन्दा कम मूल्यमा बीमा गरी बीमांक भन्दा कम रकम बराबरको क्षति भएमा त्यति नै रकम र बीमांक भन्दा बढि क्षति

भएमा बीमांक सम्म मात्र क्षतिपूर्ति प्रदान गर्ने बीमालाई विशिष्ट बीमा भनिन्छ। जस्तैः कुनै बीमितले रु. १,००,००० को वस्तुको रु. ८०,००० मात्र बीमा गराएको खण्डमा यदि उक्त वस्तु आगलागीबाट क्षति भएमा रु. १,००,००० क्षति भएमा बीमकले रु. ८०,००० मात्र भुक्तानी गर्दछ र यदि रु. ७०,००० बराबरको क्षति भएमा रु. ७०,००० नै क्षतिपूर्ति प्रदान गर्दछ।

### ४. पुनः स्थापना बीमा

बीमितको सम्पत्तिको क्षति भएमा क्षति हुनु पूर्व उक्त सम्पत्ति जस्तो अवस्थामा थियो त्यस्तै स्वरुपमा निर्माण वा स्थापना गरिदिने बीमालाई पुनःस्थापना बीमा भनिन्छ। कलकारखाना, मेसिनरी, प्लान्ट, आवास, वस्तुहरू आदिको बीमा गर्दा यो उपयोगी हुन्छ। जस्तैः कुनै घर जलेर नष्ट भयो भने बीमकले उक्त घरलाई जल्नु अघि जस्तो अवस्थामा थियो त्यस्तै बनाइदिनु पर्दछ। यद्यपी यो बीमा ज्यादै कम प्रचलनमा रहेको छ।

## (ख) जोखिमको आधारमा अग्नी बीमाको प्रकार

### १. साधारण अग्नी बीमा

यो सबैभन्दा  पुरानो र प्रचलित अग्नी बीमा हो। आगलागी वा चट्याङ जस्तो अग्नीजन्य कारणले भएको कुनै पनि क्षतिको बीमांक रकम भन्दा बढि नहुने गरी यसले क्षतिपूर्ति गर्दछ। आँधी, बाढी, हुलदङ्गा, भुकम्प, रसायनिक प्रभाव आदिको सुरक्षा यसले गर्दैन। त्यस्तै सुन, चाँदी, हिरा, जवाहरात आदिको सुरक्षा पनि यो बीमाले गर्दैन। साधारण अग्नी बीमालाई निजी घर र यसमा राखिएका वस्तुहरू तथा पसल गोदाम, कारखाना जस्तो व्यावसायिक भवन गरी दुई भागमा विभाजन गर्ने सकिन्छ।

### २. विशेष जोखिम बीमा

साधारण अग्नी बीमाले नसमेट्ने विशेष खालका जोखिमहरूलाई समेत समेट्ने बीमालाई विशेष जोखिम बीमा भनिन्छ। यस्तो बीमामा साधारण अग्नी बीमामा समेटिने जोखिमहरूका अतिरिक्त भुइँचालो, हुलदङ्गा, हडताल, विस्फोटन, चट्याङ चोरी जस्तो विशेष प्रकारको जोखिमहरू समेत समेटिएको हुन्छन्। यी बीमा साधारण अग्नी बीमा भन्दा केही महंगो हुने गर्दछ।

### ३. परिणामगत हानी बीमा

कुनै घर वा व्यवसायमा आगलागी भएको कारण अन्य अप्रत्यक्ष हानीहरू

समेत हुन सक्दछ। जस्तैः कारखानामा आगो लागेको कारण कारखाना तथा बिक्रि समेत केही समय बन्द गर्नु पर्ने हुन सक्छ। कर्मचारीको तलव, ऋणको ब्याज, भाडा आदि भुक्तानी गरिनै रहनु पर्दछ। यसले गर्दा व्यवसायमा थप व्यहभार पर्दछ र नोक्सान बढाउँछ। त्यस्तै, आगलागी भएको घरको मानिस भाडा तिरेर अर्को घरमा बस्नु पर्ने हुन सक्छ र उसको लागत बढ्न सक्छ। आगलागीका कारण हुने यस प्रकारका अप्रत्यक्ष हानी नोक्सानी तथा अतिरिक्त लागत समेत क्षतिपूर्ति व्यहोर्ने गरी गरिएको अग्नी बीमालाई परिणामगत हानी बीमा भनिन्छ।

### ४. ब्यापक बीमा

यो बीमा विशेष जोखिम बीमाको विस्तारित स्वरुप हो। यो बीमा अग्नी तथा अन्य बीमाहरूको मिश्रित बीमा पनि हो। वर्तमान बीमा बजारमा सर्वाधिक प्रचलनमा रहेको यो बीमामा साधारण अग्नी बीमामा समेटिएका जोखिमका अतिरिक्त भुंइचालो, हुलदङ्गा, हड्ताल, बिस्फोट, चट्याङ, चोरी, गोलाबारी, ज्वालामुखी, बाढी आदि विभिन्न जोखिमहरू समेत यसमा समेटिएका हुन्छन्। यो बीमामा दुर्घटना बीमा तथा अन्य बीमाहरू समेत समावेस गरिएको हुन्छ। सन् १९१५ बाट प्रारम्भ भएको यो बीमा व्यवसायलाई समस्त बीमा समेत भनिन्छ।

### ५. पानी छर्ने यन्त्रबाट हुने हानी बीमा

ठूला ठूला कलकारखाना, भवन, कार्यालयहरूमा अग्नीको जोखिमबाट बच्नको लागि तापक्रम बढेमा तथा धुवाँको मात्रा बढेमा तथा आगोको लप्का देखिएमा पानी छर्केर निभाउने वा चिसो पार्ने स्वचालित यन्त्रहरू जडान गरिएका हुन्छन्। यस्तो यन्त्रलाई पानी छर्कने यन्त्र भनिन्छ। माथि उल्लेखित अवस्था आइपर्दा वा आगो लाग्दा आफैं चल्ने यस्तो यन्त्रले कार्य गर्ने क्रममा पानीको फोहोराले भवन, भवनका भित्ताहरू, भवनमा भएका कागजपत्र तथा अन्य सम्पत्तिहरू नष्ट हुन सक्छ। साथै कहिले काँही यन्त्र बिग्रिएर आफैं फोहरा फ्याँकेर क्षति पुग्न सक्छ। यस्तो अवस्थामा भएको क्षतिको क्षतिपूर्ति गर्ने कार्य यो बीमाले गर्दछ।

## (ग) वस्तु भण्डारको आधारमा अग्नी बीमाको प्रकार

### १. चल वा खुल्ला बीमा

कुनै व्यक्तिको सम्पत्ति वा सामानहरू विभिन्न स्थानमा रहेको छ र ति सबै सम्पत्ति वा सामानहरूको एउटै बीमा करार मार्फत जोखिम ग्रहण गर्ने बीमालाई चल वा खुल्ला बीमा भनिन्छ। ठूला ठूला उद्योगपति, व्यापारीहरूको सम्पत्ति तथा सामानहरू विभिन्न अलग अलग स्थानका गोदाम, बन्दरगाह, औद्योगिक

क्षेत्र, निजी आवास आदि स्थानमा हुन सक्छ। त्यस्तो सबै सम्पत्तिहरूको एउटै बीमालेख मार्फत एकमुष्ठ बीमा गर्ने कार्य यो बीमाले गर्दछ। यस बीमामा सम्पत्ति वा सामान रहेका स्थानहरूको अलग अलग बीमाशूल्क दर निर्धारण गरी स्थानहरूको संख्याले भाग गरी बीमाशूल्क दर निर्धारण गरिनेछ।

**२. घोषणा बीमा**

व्यापार व्यावसाय गर्ने व्यापारीको गोदाममा वस्तुहरूको मात्रा तलमाथि भइरहन्छ। वर्षभरीमा सबैभन्दा बढी सामान कति हुन्छ सो कुरा बिगतको अनुभवबाट अनुमान गरी सोही बराबरको बीमा गरिनेछ। प्रत्येक पन्ध्र दिन वा एक महिनाको अन्तरमा बीमितले गोदाममा भएको वस्तुको संख्या यकिन गरी (जसलाई घोषणा भनिन्छ) बीमककहाँ पठाउँछ र बीमकले तोकेको अस्थायी बीमाशूल्क बीमितले भुक्तानी गर्दछ। वर्षको समाप्ति पश्चात जव कूल विभिन्न समयको वस्तु संख्या थाहा हुन्छ, सोही अनुसार अन्तिम बीमाशूल्क निर्धारित गरी वर्षभरी विभिन्न समयमा घोषणा गरी भुक्तान गरिएको बीमाशूल्कमा समायोजना गरिनेछ। अर्थात बीमाशूल्क बढी भए फिर्ता गरिनेछ र कम भए बीमितसँग असुल गरिनेछ।

**३. समायोग्य बीमा**

यो बीमा घोषणा बीमासँग मिल्दोजुल्दो छ। यस बीमामा बीमितले गोदाममा रहेको सामानको बर्तमान मूल्यअनुसार बीमा गर्दछ। वर्षको अन्तमा वस्तुको संख्यामा आएको कमी वा वृद्धी अनुसार बीमाशूल्कमा समायोजना गरिनेछ। यो बीमामा निश्चित अवधिको अन्तरालमा वस्तुको संख्याको घोषणा भने गरिदैंन।

**४. छुट सहितको अधिकतम मूल्य बीमा**

आफ्नो गोदामको सामान अधिकतम भएको बेलाको कूल मूल्य बराबरको बीमा गर्ने र यदि बीमित सामान बीमा अवधिको अन्तमा सुरक्षित रहेमा बीमाशूल्कको एक तिहाई रकम बीमितलाई नै फिर्ता दिने बीमालाई छुट सहितको अधिकतम मूल्य बीमा भनिन्छ। विभिन्न समयमा सामानको जानकारी दिनुपर्ने र अन्तमा बीमाशूल्क  समायोजन गर्नुपर्ने समस्या यो बीमामा आउँदैन।

**५. अधिक बीमा**

व्यापारीले गोदाममा राखेको सामानको साधारण बीमाको अतिरिक्त थप भइरहने सामान बराबरको अर्को थप बीमा समेत गर्दछ भने त्यसलाई अधिक बीमा भनिन्छ। जस्तैः रु. १,००,००० को सामान कायम भैरहने गोदाममा कहिले काँही रु. २,००,००० को मालसामान हुन्छ भने बीमितले रु. १,००,००० को साधारण

बीमा र रु. १,००,००० को अधिक बीमा गर्दछ। विभिन्न समयमा सामानको जानकारी दिनुपर्ने र अन्तमा बीमाशूल्क समायोजन गर्नुपर्ने समस्या यो बीमामा आउँदैन।

## २३. सामुद्रिक बीमा

जल वा स्थल मार्गबाट एक ठाउँबाट अर्को ठाउँसम्म ल्याइने वा पठाइने मालसामानको बाटोमा पर्न सक्ने सम्भावित क्षतिको विरुद्ध गरिने बीमालाई सामुद्रिक बीमा भनिन्छ। सामानहरू आयात निर्यात तथा ढुवानीका सिलसिलमा विभिन्न स्थानमा लैजाँदा आइपर्ने सामुद्रिक तथा स्थलगत जोखिम विरुद्ध क्षतिपूर्ति प्रदान गर्ने बीमालाई सामुद्रिक बीमा भनिन्छ। सामुद्रिक बीमाको सुरुवात समुद्रमा यात्रा गर्ने जहाजको, जहाजको सामानको, जहाजका यात्री तथा चालकदलका सदस्यहरूका लागि गरिएको भएतापनि आजकल सामान ढुवानीको क्रममा आइपर्ने सामुद्रिक तथा स्थलगत दुबै जोखिमहरूलाई सामुद्रिक बीमाले समेट्दछ। त्यसैले सामुद्रिक बीमालाई पारवाहन बीमा पनि भनिन्छ। यो बीमा एक प्रकारको क्षतिपूर्तिको करार हो। यसमा बीमा गरिएको रकम सम्मको क्षति भएको खण्डमा बीमकले क्षतिपूर्ति व्यहोर्दछ। सामुद्रिक बीमाले सामुद्रिक संकट, अग्नी, जेटिसन, ब्यारिट्रि, लुटेरा, डाँकु, चोर जस्तो जोखिम विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ। बैदेशिक व्यापार प्रायः सामुद्रिक बीमाबाट हुने र यसले स्थल मार्गमा हुने क्षति समेतको जोखिम व्यहोर्ने भएकोले यसको धेरै महत्व रहीआएको छ।

## २४. सामुद्रिक बीमाको प्रकार

### (क) यात्रा सामुद्रिक बीमा

समुद्रको एउटा बन्दरगाह देखि अर्को बन्दरगाह सम्म जहाजबाट सामान ओसार पसार गर्दा हुन सक्ने जोखिम विरुद्ध गरिने बीमालाई यात्रा सामुद्रिक बीमा भनिन्छ। यस्तो बीमामा देखि र सम्म भन्ने शब्दावली राखिएको हुन्छ, जसले तोकिएको प्रस्थान बिन्दु देखि गन्तव्य बिन्दु सम्मको मात्र बीमा गर्दछ। जस्तैः जहाज कलकत्ता बन्दरगाह देखि दुवई बन्दरगाह पुगुन्जेल सम्म बीमा कायम रहन्छ। तत्पश्चात उक्त बीमा स्तवः समाप्त हुन्छ। जहाजमा ढुवानी गरिने मालसामान तथा भाडाको लागि यस्तो बीमा उपयुक्त हुन्छ।

### (ख) समय सामुद्रिक बीमा

समय बीमा निश्चित समय अवधिको लागि तोकेर गरिएको बीमालाई सामुद्रिक बीमा भनिन्छ। जस्तैः सन् २०१२ फेब्रअरी २ बाट १ नोभेम्वर २०१२ सम्मका लागि बीमा गरियो भने त्यो बीमा यसै बर्गमा पर्दछ। सामान्यतयाः यस्तो बीमा एक वर्ष वा सो भन्दा कम अवधिको हुन्छ। मालसामान भन्दा पनि जहाज कै बीमा गर्नका लागि यो बीमा उपयुक्त मानिन्छ।

### (ग) मिश्रित सामुद्रिक बीमा

यात्रा बीमा र समय बीमा दुबैको संयोजनबाट तयार पारिएको बीमालाई मिश्रित बीमा भनिन्छ। यस्तो बीमामा जहाजले गर्ने यात्राको दूरी र समय दुबै तय गरिएको हुन्छ। यस्तो बीमा जहाज र जहाजले बोक्ने मालसामान दुबैका लागि उपयुक्त हुन्छ। जस्तैः लण्डन देखि कलकत्ता सम्मको लागि सन् २०१२ जुन १ देखि सन् २०१३ मे ३१ सम्म को अवधि उल्लेख गरिएको छ भने त्यसलाई मिश्रित सामुद्रिक बीमा भनिन्छ।

### (घ) विस्तारित सामुद्रिक बीमा

सामुद्रिक बीमाका साथै स्थलगत जोखिम समेत समावेश गरिएको बीमालाई विस्तारित सामुद्रिक बीमा भनिन्छ। जस्तैः सुर्ति उत्पादन हुने रौतहटको कुनै गाउँदेखि सुर्ति पुऱ्याउने गन्तव्य लण्डन सम्मको बीमा एउटै बीमा करारबाट गरिनेछ भने त्यसलाई विस्तारित सामुद्रिक बीमा भनिन्छ। यस्तो बीमा अफ्रिकाको सुनखानीबाट सुन निकालेर युरोपेली बजार सम्म पुऱ्याउनका लागि सुरु गरिएको भन्ने भनाई रहेको छ।

### (ङ) नामांकन सामुद्रिक बीमा

यस बीमा करारमा जहाजको नामको साथै जहाजले ढुवानी गर्ने प्रत्येक मालसामानको मूल्य उल्लेख गरी बीमा गरिनेछ। यदि कुनै क्षति आई परेमा मालसामानको मूल्य बराबरको क्षतिपूर्ति प्रदान गरिनेछ। अन्यन्तै महत्वपूर्ण मालसामानको लागि यस प्रकारको बीमा उपयुक्त हुन्छ।

### (च) घोषणा सामुद्रिक बीमा

जहाजमा राखिने मालसामानको बीमा जसमा एउटै बीमा करार अन्तर्गत कति मालसामान कुन बेला जहाजमा राखियो भन्ने बारेमा विवरण जानकारी गराइरहने बीमालाई घोषणा बीमा भनिन्छ। यस्तो बीमामा मालसामानको अवस्था परिवर्तन भईरहने हुनाले यसलाई चल बीमा पनि भनिन्छ। नियमित मालसामान ओसार पसार गर्ने व्यक्तिलाई यो बीमा उपयुक्त हुन्छ।

### (छ) मुद्रा सामुद्रिक बीमा

विदेशी मुद्रामा बीमालेख जारी गरिएमा त्यसलाई मुद्रा बीमालेख भनिन्छ । यस्तो बीमालेखमा बीमाको क्षतिपूर्ति रकम समेत विदेशी मुद्रामा नै प्राप्त हुन्छ। अन्तराष्ट्रिय व्यापारमा विदेशी व्यापारीको बिश्वास जित्न तथा विदेशी मुद्राको बिनिमय दरमा आउने उतार चढावबाट हुन सक्ने नोक्सानीबाट बच्न यस्तो बीमा जारी गरिनेछ।

## २५. मोटर बीमा

कुनै दुर्घटना, चोरी वा अन्य घटनाबाट मोटर गाडी वा तेस्रो पक्ष (बीमक र बीमित बाहेक तेस्रो पक्ष) लाई हुने नोक्सानीको क्षतिपूर्तिको लागि गरिने बीमालाई मोटर बीमा भनिन्छ। दुर्घटना, चोरी वा दैवी विपत्तिका कारणबाट मोटर गाडी वा तेस्रो पक्षलाई पुग्न जाने क्षति विरुद्ध गरिने बीमालाई मोटर बीमा भनिन्छ। दुर्घटना, चोरी, ठक्कर आदिबाट हुने क्षतिको क्षतिपूर्ति यस बीमा अन्तर्गत गरिनेछ। कतिपय देशमा मोटर बीमा अनिवार्य गरिएको हुन्छ । नेपालमा चाहिँ मोटर बीमा अन्तर्गतको तेस्रो पक्ष दायित्व बीमा मात्र अनिवार्य गरिएको छ।

मोटर बीमाको प्रयोजनको लागि मोटरलाई तीन भागमा विभाजन गरिएको छ।

क) निजी सवारी

ख) व्यापारिक सवारी

ग) अन्य

### (क) निजी सवारी बीमा

सवारी धनीले निजी प्रयोगको लागि मात्र उपयोग गर्ने सवारी साधनलाई निजी सवारी साधन भनिन्छ। निजी कार, भ्योन, जिप आदि गाडीहरू यस वर्गमा पर्दछन् ।

### (ख) व्यापारिक सवारी साधन

व्यापारिक मालसामान बोक्ने, यात्रुहरू ओसार पासार गर्ने, भाडामा प्रयोग गर्ने सवारी साधनलाई व्यापारिक सवारी साधन भनिन्छ। जस्तैः यात्रुबस, ट्रक, ट्याक्टर, ट्याक्सी आदी । सवारी साधनले सेवाप्रदान गरे बापत निश्चित रकम लिन्छ, जुन सवारी मालिकको कमाई हो ।

### (ग) अन्य सवारी साधन

माथि उल्लेख गरिएका बाहेक अन्य प्रकारका सवारी साधनहरू पनि हुन्छन्, जसलाई अन्य सवारी साधन भनिन्छ। जस्तैः मोटर साइकल, स्कुटर, एक्जाभेटर, रोलर आदि।

## २६. मोटर बीमाको प्रकार

### (१) व्यापक बीमा

व्यापाक बीमा अन्तर्गत दुर्घटनाबाट मोटर साधारण वा काम नलाग्ने दुबै किसिमले क्षति भएमा बीमा करारमा उल्लेख भए बमोजिमको रकम कट्टा गरी क्षतिपूर्ति प्रदान गरिनुका साथै तेस्रो पक्षका प्रति कुनै दायित्व सिर्जना भएको रहेछ भने उक्त दायित्व समेत भुक्तानी गरिनेछ। थप बीमाशुल्क तिरेको रहेछ भने हुलदंगा, द्वेशपूर्ण आक्रमण, चालकको व्यक्तिगत जोखिम, यात्रुहरूको जोखिम आदि समेतको क्षतिपूर्ति दिइन्छ।

### (२) तेस्रो पक्ष बीमा

मोटर बीमामा मोटर चलाउँदा तेस्रो पक्षलाई पर्न जाने क्षति विरुद्ध गरिने बीमालाई तेस्रो पक्ष बीमा भनिन्छ । यसको लागि मोटर बीमा गन्तर्गतको छुट्टै तेस्रो पक्षको बीमा गर्नु पर्दछ। मोटरको प्रयोगबाट तेस्रो पक्षलाई शारीरिक चोटपटक लागेमा वा उनीहरूको धन सम्पत्तिको क्षति हुन गएमा सोको क्षतिपूर्ति गरिनेछ।

## २७. इन्जिनियङ्गि बीमा

उद्योग, कलकारखाना, परियोजनाहरूमा जडान गरिएका यन्त्र, उपकरण, औजार, प्लान्ट, मेसिनरी सामग्री आदि क्षतिग्रस्त भई उत्पन्न हुने क्षति विरुद्ध गरिने बीमालाई इन्जिनियरिङ्ग बीमा भनिन्छ । इन्जिनियरिङ्ग बीमाको औद्योगिक देशहरूमा अत्यन्तै धेरै महत्व हुन्छ। यस्तो बीमामा यन्त्र, उपकरण, औजार, प्लान्ट, मेसिनरी आदिको बिस्फोटन, प्रकृतिक प्रकोप, दैबी विपत्ती, ब्रेकडाउन, फेलियर आदिबाट उत्पन्न जोखिमको बीमा गरिनेछ । यन्त्र उपकरणहरूको संरचना र मूल्य बिभाजन जटिल भएको हुनाले दाबी व्यवस्थापनको हिसावले यो बीमा अत्यन्तै जटिल मानिन्छ। तसर्थ सक्षम जोखिम आंकलन गर्न सक्ने कर्मचारीहरू भएका बीमकहरूले मात्र यस्तो बीमा गर्ने गर्दछन् ।

## २८. हवाइ बीमा

दुर्घटनाका कारण हवाईजहाज, हवाईजहाजले बोकेको सामान तथा यात्रुको हानी नोक्सानी विरुद्ध गरिने बीमालाई हवाई बीमा भनिन्छ । हवाई बीमामा तेस्रो पक्षको हानी नोक्सानी समेत व्यहोरिन्छ। हवाई बीमा संसारका सबै देशहरूमा अनिवार्य गरिएको छ। सबै हवाई जहाज कम्पनीले जहाजको उडान गर्नु अघि बीमालेख लिई सकेका हुन्छन् । हवाई बीमामा दुर्घटना हुने बित्तिकै जहाज सहित सबै सामान र यात्रुको जीवनको क्षति हुन्छ, जुन रकमका हिसावले अन्यन्तै विशाल हुन्छ। त्यसैले हवाई बीमामा पुनर्बीमको मात्रा अत्याधिक हुने गर्दछ।

क्षमता भन्दा बढि यात्रु वा सामान राखेमा, तोकिएको पाइलट भन्दा अन्य व्यक्तिले जहाज चलाएमा, रातमा उडांउदा रातमा राख्नु पर्ने यन्त्र नराखी चलाएमा, आपतकालीन स्थितिमा बाहेक अनुमति बिहिन क्षेत्रमा उतारेमा, बीना कारण उडान तालिका बिपरित चलाएमा, परीक्षण उडान गर्दा, युद्ध, हडताल, दंगा वा नागरिक अशान्तिको कारणले हुने दुर्घटनाका जोखिमहरूलाई हवाई बीमाले समेट्‌दैन ।

## २९. हवाई बीमाको प्रकार

### (१) हल बीमा

हवाइ जहाजलाई बीमामा हल वा भेसल भन्ने प्रचलन छ । हवाइ जहाजको मात्र बीमा गरिएमा हवाइ जहाज अर्थात हल बीमा भनिन्छ। यात्राको क्रममा हवाइ जहाज दुर्घटनाग्रस्त भई क्षति भएमा र त्यसबाट तेस्रो पक्षलाई कुनै क्षति पुग्ने भएमो सो को तोकिए बराबरको क्षतिपूर्ति गर्ने बीमालाई हवाइ जहाज बीमा भनिन्छ।

### (२) कार्गो बीमा

हवाइ जहाजबाट विभिन्न अन्तर्राष्ट्रिय व्यापार गरिन्छ । हवाइ जहाजबाट हलुका, कम आयतन भएका र मूल्यबान मालसामानहरू ओसार पसार गरिन्छ । त्यस्तो मालसामानलाई कार्गो भनिन्छ। हवाइ जहाजको दुर्घटना भएमा मालसामानको समेत क्षति हुन्छ। यदि कार्गोको बीमा गरेको छैन भने कार्गो मालिकलाई ठूलो क्षति पुग्छ। त्यस्तो कार्गोको क्षति विरुद्ध गरिने बीमालाई कार्गो बीमा भनिन्छ।

### (३) तेस्रो पक्ष दायित्व बीमा

हवाइ जहाजलाई दुर्घटनाका कारण तेस्रो पक्षप्रति दायित्व सिर्जना हुन सक्छ। जस्तैः जहाज बस्तीमा खसेर मानव जीवन तथा सम्पत्तिको क्षति हुन सक्छ, बीमानस्थलको धावनमार्गबाट जहाज बाहिर ठोक्किई जनधनको क्षति हुन सक्छ । त्यसरी बीमान, कार्गो, यात्रु तथा चालकदलका सदस्य बाहेक अन्य बाहिरी जनधनको क्षति भई उत्पन्न हुने दायित्वलाई तेस्रो पक्ष दायित्व भनिन्छ । यस्तो प्रकारको दायित्व समेत व्यहोर्ने गरी गरीएको बीमालाई तेस्रो पक्ष दायित्व हवाई बीमा भनिन्छ। हवाई बीमामा यस प्रकारको बीमा समेत गरिन्छ।

### (४) विशेष दायित्व बीमा

जहाज निर्माण गर्दा हुन जाने त्रुटी, मर्मत गर्दा हुन जाने त्रुटी, गलत डिजाइन, यान्त्रिक असफलता आदिको कारणले हुन सक्ने क्षति विरुद्ध सुरक्षा प्रदान गर्नेका लागि गरिने हवाई बीमालाई विशेष दायित्व हवाई बीमा भनिन्छ । यस्तो बीमा प्रायः जहाज निर्माताहरूले लिने गर्दछन् । यसमा अन्य थुप्रै प्रकारका दायित्वहरू थप गर्ने सकिन्छ।

### (५) यात्रु दायित्व बीमा

हवाइ जहाज दुर्घटना भएमा यात्रुहरूको जीवनको क्षति हुने वा चोटपटक लाग्ने हुन्छ। त्यस्तो जोखिम विरुद्ध गरिने बीमालाई यात्रु दायित्व बीमा भनिन्छ। हवाई यात्रा अन्त्यन्तै जोखिमपूर्ण मानिन्छ। त्यसकारण यो बीमा अत्यन्तै अनिवार्य मानिन्छ। यस्तो बीमा प्रायः ठूला बीमा कम्पनीहरूले गर्दछन् र परिवर्तिय मुद्रामा बीमालेख जारी गरिन्छ। स्थानीय बीमकहरूले बीमा गरेको खण्डमा उनीहरूले बीमा रकमको न्यून प्रतिशत मात्र धारण गरी (आफूले राखी) बाँकी पुनर्बीमा गर्दछन्।

## ३०. इन्जिनियरिङ्ग बीमा

इन्जिनियरिङ्ग बीमा अन्तर्गत घर, पुल, सडक लगायतका भौतिक पूर्वाधारको बीमा, यन्त्र, उपकरण, कम्प्यूटर लगायतका वस्तुहरूको बीमा गरिन्छ। यस बीमा अन्तर्गत मूलतः देहायका बीमाहरू पर्दछन् :

(क) ठेकेदार सम्पूर्ण जोखिम बीमा
(ख) इरेक्सन सम्पूर्ण जोखिम बीमा
(ग) मेशिनरी ब्रेकडाउन बीमा
(घ) ब्वाइलर बीमा
(ङ) इलेक्ट्रोनिक इक्युप्मेन्ट बीमा (विद्युतीय उपकरण बीमा)

## ३१. विविध बीमा

### (१) व्यक्तिगत तथा सामूहिक दुर्घटना बीमा

व्यक्तिको दुर्घटनाका कारण आइपर्न सक्ने जोखिम विरुद्ध गरिने बीमालाई व्यक्तिगत दुर्घटना बीमा भनिन्छ। यात्राको बेलामा, कारखानामा काम गर्दा वा अन्य विभिन्न अवस्थामा रहँदा दुर्घटना भई मानिस घाइते वा अंगभंग हुन सक्छ। यो बीमा अन्तर्गत दुर्घटनाको कारणबाट बीमितको अंगभंग भएमा वा अंगभंग भई जीवनभर काम गर्ने नसक्ने गरी अपांग भएमा वा मृत्यु भएमा निश्चित दरमा क्षतिपूर्ति बापतको रकम भुक्तानी गरिनेछ। त्यसकारण आजभोली यात्रा गर्नु अघि बीमा गर्ने प्रचलन ब्यापक बन्दै भएको छ। धेरै जना व्यक्तिहरूको एउटै बीमालेखबाट दुर्घटना बीमा गरिएको खण्डमा त्यसलाई सामूहिक दुर्घटना बीमा भनिन्छ।

### (२) मार्गस्थ नगद बीमा

नगद वा रुपैंया पैसालाई एक स्थानबाट अर्को स्थानमा सार्नु पर्दा वा लैजानु पर्दा आइपर्ने सक्ने जोखिम विरुद्ध गरिने बीमालाई मार्गस्थ नगद बीमा भनिन्छ। नगद

अत्यन्तै सुरक्षा सम्बेदनशील हुन्छ। चोरिने, लुटिने, नगद बोकेको गाडी पानीमा खस्न सक्ने, आगलागी हुन सक्ने, दुर्घटना हुन सक्ने आदि भई नगदमा क्षति हुन सक्छ वा नगद नष्ट हुन सक्छ। खासगरी बैंकहरूले एक शाखाबाट अर्को शाखामा रकम स्थानान्तरण गर्दा वा सरकारी कार्यालयले बिनियोजन गरेको रकम अन्यत्र पठाउँदा वा मौद्रिक वा बैंकिङ्ग क्षेत्रमा लागेका मानिसहरूका लागि यस्तो समस्या आइपर्न सक्छ। अतः यस्तो समस्या आइपरेमा सोको क्षतिपूर्ति प्राप्त गरी ढुक्क हुनका लागि यो बीमा गरिन्छ। व्यवहारमा यो बीमा निकै प्रचलनमा रहेको छ।

## (३) चोरी बीमा

घर, कार्यालय, प्रतिष्ठान, उद्योग आदिमा चोरी जुनसुकै बेलामा पनि हुन सक्दछ। सुरक्षा व्यवस्थाले चोरी, डकैती जस्तो घटनामा कमी त ल्याउँछ तर निर्मूल भने गर्न सक्दैन। त्यस कारण चोरी, डकैती, लुट जस्तो घटनाबाट आफ्नो बहुमूल्य सामान, गरगहना, कागजात, यन्त्र, औजार आदिको सुरक्षा हुन नसकी हुने क्षति विरुद्ध गरिने बीमालाई चोरी बीमा भनिन्छ। यस्तो बीमामा चोरी, तोडफोड गरी जबर्जस्ती गरिएको डकैती आदिको बीमा हुन्छ। तर यस्तो बीमा गर्नको लागि बीमितले आफ्नो सम्पत्तिको पर्याप्त सुरक्षा गर्नुका साथै सुरक्षाका लागि सुरक्षा गार्डको समेत व्यवस्था गरेको हुनु पर्दछ।

## (४) श्रमिक क्षतिपूर्ति बीमा

उद्योग, कलकारखानमा मेसिनसँग कार्य गर्नु निकै जोखिमपूर्ण हुन्छ। उद्योग, कलकारखाना, होटल आदिमा कार्य गर्ने श्रमिक वा मजदुरहरूको विभिन्न कारणले दुर्घटना भई अंगभंग भई मृत्यु समेत हुन सक्छ। मजदुरको अंगभंग वा मृत्यु भएमा क्षतिपूर्ति स्वरुप बीमा बापतको रकम भुक्तानी गर्न कानूनतः अनिवार्य जिम्मेवारी उद्योगको मालिकको हुन जान्छ। तर सबै अवस्थामा मालिकले क्षतिपूर्ति दिनु पर्दैन। जस्तैः लापरबाहीपूर्ण तरिकाले मेसिन चलाएको रहेछ भने, तेस्रो पक्षको गल्ती रहेछ भने आदि। त्यसकारण दुर्घटना भई आफ्नो श्रमिकको अंगभंग भएमा वा मृत्युको जोखिम विरुद्ध गरिने बीमालाई श्रमिक क्षतिपूर्ति बीमा भनिन्छ। यस्तो बीमाबाट उद्योग मालिकहरूले आफ्ना कामदारहरूप्रति हुन सक्ने दुर्घटनाबाट उत्पन्न दायित्व निर्वाह गर्ने सक्दछन्। नेपालमा श्रम ऐनले समेत क्षतिपूर्ति तिर्नुपर्ने कानूनी व्यवस्था गरेको छ। यस्तो बीमामा साधारण चोटपटक लागेमा औषधी उपचार खर्च दिने तथा दुर्घटनाका कारण केहि दिनका अशक्त भएमा निजको अशक्त अवस्थाको कूल ज्यालाको आधा रकम दिनु पर्दछ।

## (५) निष्ठा जमानी बीमा

जिम्मेवार व्यक्तिहरूको निष्ठाहिनता, ठगी वा बदनियतले उत्पन्न हुन सक्ने क्षति विरुद्ध गरिने बीमालाई निष्ठा जमानी बीमा भनिन्छ। उद्योग, व्यापार, व्यवसाय, बैंक, बीमा, सरकारी निकाय, संगठित संस्था लगायतमा संलग्न लेखापाल, ज्याला बितरक, खजाञ्जी, व्यवस्थापक, अधिकृत आदिको छलकपट, कुभावना, ठगी, धोखा जस्तो निष्ठाहिनताबाट उत्पन्न हुन सक्ने जोखिमहरू विरुद्ध गरिने बीमा नै निष्ठा जमानी बीमा हो। जस्तैः त्यस्तो व्यक्तिले संस्थाको रकम लिएर भाग्न सक्छन् । बदनियतपूर्ण ढंगले महत्वपूर्ण व्यापारिक सम्झौताहरू बिगारिदिन सक्छन्। आर्थिक अनियमितता गर्ने सक्छन्। त्यसकारण, त्यस्तो निष्ठाहिन कार्यले हुन सक्ने क्षतिको सुरक्षा यस्तो बीमाले गर्दछ। यस्तो बीमा तीन प्रकारका हुन्छन् ः

**(क) व्यक्तिगत निष्ठा जमानी बीमा :** कार्यालयको कुनै खास कर्मचारीको लागि गरिने बीमालाई व्यक्तिगत निष्ठा जमानी बीमा भनिन्छ। जस्तैः कार्यालयबाट हरेक दिन साँझ बैंकसम्म रकम पुऱ्याउने कर्मचारीको लागि गरिने बीमा।

**(ख) पद निष्ठा जमानी बीमा :** कुनै निश्चित पदमा रहेका कर्मचारीको लागि गरिने बीमालाई पद निष्ठा जमानी बीमा भनिन्छ। जस्तैः कार्यालयको लेखापालको लागि गरिने बीमा।

**(ग) सामूहिक निष्ठा जमानी बीमा :** कार्यालयमा धेरै कर्मचारीहरूको लागि गरिने एउटै बीमालाई सामूहिक निष्ठा जमानी बीमा भनिन्छ। जस्तैः कार्यालयको आर्थिक प्रशासन तथा लेखा शाखामा वा नगद काउन्टरमा कार्य गर्ने कर्मचारीहरूको बीमा।

## (६) जनदायित्व बीमा

कुनै व्यक्ति वा संस्थाको लापरबाही वा कमजोरीको कारणले तेस्रो पक्ष (बीमक र बीमित बाहेक अन्य पक्ष) लाई पर्न जाने क्षति विरुद्ध गरिने बीमालाई जनदायित्व बीमा भनिन्छ। कसैको कारणले जानाजान वा अन्जानमा अन्य पक्षलाई क्षति हुन गयो भने त्यसका लागि जनदायित्व बीमा गरिन्छ। जस्तैः खाना खादैं गर्दा रेष्टुरेन्टको छत खस्यो भने धेरै ग्राहक घाइते हुन वा मर्न समेत सक्छन्। रेष्टुरेन्ट भएको घर निर्माण गर्ने ठेकेदारले गरेको लापरबाहीपूर्ण निर्माणका कारण छत खसेको हो। रेष्टुरेन्ट मालिकले बीमा नगरेको खण्डमा तत्काल क्षति भएकाहरूलाई क्षतिपूर्ति दिन सक्दैन। त्यसैले जनदायित्व बीमा अनिवार्य हुन्छ। बीमकले जनदायित्व बीमा बापत रकम भुक्तानी गरेपश्चात उक्त रकम घर मालिकसँग र घरमालिकले उक्त ठेकेदारसँग

असुल उपर गर्दछ। सर्वसाधारणको आउजाउ हुने स्थान तथा सार्वजनिक स्थानहरूमा सञ्चालित व्यवसायहरूमा यस्तो बीमाको अत्यन्तै धेरै महत्व हुन्छ।

### (घ) बाली तथा पशुपन्छी बीमा

बालीनालीमा लाग्ने किरा, अतिबृष्टि, खडेरी, बाढी, सलह आदिको जोखिम तथा पशुहरूमा लाग्ने रोग, बाघभालुको कारण हुने क्षति विरुद्ध गरिने बीमालाई बाली तथा पशु बीमा भनिन्छ। कृषि तथा पशुपालनमा लागेका कृषक तथा व्यवसायीका लागि यो बीमा उत्तम हुन्छ। बाली तथा पाशुपालनमा लागेका किसानहरू बिपन्न वर्गका हुने हुनाले र यस्तो बीमाको दरलाई राज्यले सस्तो बनाउन प्रोत्साहन दिने हुनले उसलाई अधिकांश देशले लघु बीमा अन्तर्गत राखी विस्तार गर्ने काशिस गरिरहका छन्।

## ३२. लघुबीमा

आर्थिक रूपमा विपन्न तथा पिछडिएका क्षेत्रका वा सीमान्तकृत समुदायका लागि सानो आकार तथा न्यून मूल्यमा सरल शब्दावली तथा थोरै शर्त बन्देजको आधारमा तयार पारी जारी गरिने बीमालाई लघुबीमा भनिन्छ। लघुबीमा वित्तीय समावेशीताको कायम गर्नको लागि आवश्यक एउटा महत्वपूर्ण साधन हो। गरिवी न्यूनीकरणका लागि समेत लघुबीमा प्रभावकारी सिद्ध भएको छ। विभिन्न बीमा कम्पनीहरूले विभिन्न प्रकारका लघुबीमा लेखहरू जारी गर्दै आएका छन्।

## ३३. पुनर्बीमा

बीमकले आफूले ग्रहण गरेको बीमाको केही अंश अन्य बीमक वा पुनर्बीमकसंग पुनः बीमा गर्ने (जोखिम हस्तान्तरण गर्ने) पद्धतिलाई पुनर्बीमा भनिन्छ। बीमकहरूले आफ्नो बित्तीय क्षमता (कूल नेट वर्थ) भन्दा बढी रकमको बीमा लिएको (जोखिम स्वीकार गरेका) हुन्छन्। त्यस कारण बीमा कम्पनीहरूले आफ्नो क्षमता भन्दा बढिको बीमा अन्य बीमा वा पुनर्बीमा कम्पनीलाई दिने गर्दछन्। यसरी पुनः अन्य बीमा वा पुनर्बीमा कम्पनीमा बीमा गर्ने कार्यलाई पुनर्बीमा भनिन्छ। समग्रमा बीमकले धारणा गरेको जोखिमको बीमा गर्ने कार्यलाई नै पुनर्बीमा भनिन्छ अर्थात एउटा बीमकले स्वीकार गरेको बीमा व्यवसाय आंशिक रुपमा अन्य बीमकलाई हस्तान्तरण गर्ने कार्यलाई पुनर्बीमा भनिन्छ। पुनर्बीमा एउटा बीमकले अर्को बीमक वा पुनर्बीमकसँग गर्न सक्दछ। पुनर्बीमा मात्र स्वीकार गर्ने वा पुनर्बीमा व्यवसाय मात्र गर्ने कम्पनीलाई पुनर्बीमा कम्पनी भनिन्छ। बर्तमान विश्व अर्थतन्त्रमा पुनर्बीमा बिना बीमा व्यवासाय सञ्चालन गर्ने असम्भव प्रायः देखिन्छ।

## ३४. बीमा दावी भुक्तानी

बीमा ऐन २०७९ को दफा १२३ मा दाबी भुक्तानी सम्बन्धमा व्यख्या गरिएको छ। उक्त दफाको उपदफा (१) मा बीमकले बीमालेखमा उल्लेख भए बमोजिम बीमा दाबी पेश हुन आएमा त्यस्तो दाबीको क्षति मुल्याङ्कन गराउनु पर्ने भए सो गराई र क्षति मुल्याङ्कन गराउनु नपर्ने भएमा त्यसरी पेश भएको मितिबाट तोकिएको आधिभित्र दाबी फर्स्यौट गर्नु पर्नेछ। भने सोही दफाको उपदफा (२) मा प्रचलित कानून बमोजिम बीमित वा निजको हकवाला तोकिएको अवधिभित्र पत्ता नलागेमा वा निजलाई दाबी भुक्तानी गर्न नसकिएमा दाबी भएका बखत भुक्तानी गर्ने गरी त्यस बापतको रकम दाबी नभएको कोष (अन्क्लेम्ड फण्ड) मा जम्मा गर्नु पर्नेछ। त्यसै गरी उपदफा (३) मा बीमा दाबी बापतको रकम भुक्तानी पाउने व्यक्ति फेला नपरेमा बीमित वा हकवालालाई कुनै प्रकारले खोजेको, सम्पर्क गर्ने प्रयास गरेको वा रकम भुक्तानी गर्ने पर्याप्त प्रयास गरेको प्रमाण बीमकले सुरक्षित रूपमा राख्नु पर्ने छ।

## ३६. बीमा मध्यस्तकर्ता

### (क) बीमा अभिकर्ता

बीमकको तर्फबाट कानूनी प्रतिनिधित्व गर्ने र बीमकको तर्फबाट कार्य गर्ने अधिकार प्राप्त गरेको तलवको आधारमा नभई कमिसनको आधारमा कार्य गर्ने व्यक्ति वा संस्थालाई बीमा अभिकर्ता भनिन्छ। बीमा ऐन, २०७९ को दफा (२)को ‘थ’ मा बीमा अभिकर्ता भन्नाले बीमकको कर्मचारी बाहेक बीमकको तर्फबाट कमिशनको आधारमा काम गर्ने इजाजतपत्र प्राप्त बीमा मध्यस्त कर्ता व्यक्ति वा संस्था सम्झनु पर्दछ भनी परिभाषित गरेको छ। त्यसैले बीमा अभिकर्ताले गरेका सम्पूर्ण कार्यको जिम्मेवारी बीमकको हुने गर्दछ। बीमा अभिकर्ताले बीमकको कार्य गरे बापत निश्चित प्रतिशत कमिशन प्राप्त गर्दछन। बीमक र बीमा अभिकर्ताको सम्बन्ध अभिकरण सम्बन्धी ऐन, २०१६ र बीमा ऐन, २०७९ बमोजिम हुने व्यवस्था छ। जीवन बीमा अभिकर्ता र निर्जीवन बीमा अभिकर्ता गरी बीमा अभिकर्ता दुई प्रकारका हुन्छन्।

### (ख) बीमा सर्भेयर

निर्जीवन बीमामा बीमितको सम्पत्तिको कुनै क्षति भएमा सो क्षति कति रकम बराबरको भएको हो, त्यसले कति दायित्व सिजृना गर्दछ भन्ने यकिन गर्नको लागि नियुक्त गरिएको क्षति मूल्यांकनकर्तालाई बीमा सर्भेयर भनिन्छ। प्राधिकरणबाट इजाजतपत्र प्राप्त गरेका सम्पत्ति तथा दायित्व यकिन गर्न सक्ने मूल्यांकनकर्ताहरू नै बीमा सर्भयरहरू हुन्। बीमा ऐन, २०४९ को दफा(२) ‘म’ ले बीमा सर्भेयर भन्नाले

क्षतिग्रस्त सम्पत्ति र दायित्वको मूल्यांकन गर्न इजाजतपत्र प्राप्त बीमा मध्यस्थ कर्ता व्यक्ति वा संस्था सम्झनु पर्दछ भनी बीमा सर्भेयरको परिभाषा दिइएको छ। नेपालमा हाल करिव तेह्रसय जना सर्भेयरहरूले कार्य गरिरहका छन्।

सर्भेयर बिना निर्जीवन बीमा व्यवसाय कार्यान्वयन गर्न अत्यन्तै कठिन हुन्छ। बीमा गरिएको सम्पत्तिको जव क्षति हुन्छ, त्यसले तेस्रो पक्ष प्रति दायित्व समेत सिर्जना गर्दछ र यदि व्यवसायायिक सम्पत्ति क्षति भएको छ भने नोक्सानी समेत बढाँउछ। त्यस्तो अवस्थामा बीमकले उक्त बीमितलाई कति रकम के आधारमा भुक्तानी गर्ने सो यकिन गर्न कठिन हुन्छ। त्यसैले उक्त क्षतिको मूल्यांकन गरी वास्तविक क्षति पत्ता लगाउने, यदी तेस्रो पक्षप्रति दायित्व सिर्जना भएको रहेछ भने कति दायित्व सिर्जना भएको छ, सो पत्ता लगाउने, यदि क्षतिको कारणले बीमितको व्यवसायिक घाटा भएको छ भने कति घाटा भएको छ, सो यकिन गर्ने कार्य बीमा सर्भेयरले गर्दछ। त्यसैले सर्भेयर नहुने हो भने निर्जीवन बीमा कार्यान्वयन अत्यन्तै जटिल बन्दछ। कुनै कुनै देशमा बीमा सर्भेयरलाई लस एडजस्टर समेत भनिन्छ। क्षतिका विभिन्न प्रकारहरू हुने हुनाले सर्भेयरहको पनि आ-आफ्नो क्षेत्र हुन्छ। जस्तैः चार्टर्ड एकाउन्टेनको योग्यता भएको सर्भेयरले बित्तीय क्षेत्रको नाफा नोक्सान सम्बन्धी क्षतिको मूल्यांकन राम्ररी गर्न सक्छ, त्यस्तै, सिभिल इन्जिनियरको योग्यता भएको सर्भेयरले सडक, भवन, आदिको नोक्सानीको मूल्यांकन राम्ररी गर्न सक्छ, । त्यस्तैः अटोमोवाइल इन्जिनियरिङ्गको योग्यता भएको सर्भेयरले गाडीको क्षतिको मूल्यांकन राम्ररी गर्न सक्दछ।

## (ग) बीमा दलाल

बीमित वा सेवाग्राहीको प्रतिनिधिको रुपमा कार्य गर्न तलबमा नभै कमिसनमा कार्य गर्ने व्यक्ति वा संस्थालाई बीमा दलाल भनिन्छ। बीमा अभिकर्ताले बीमाकको प्रतिनिधको रुपमा कार्य गर्दछ भने बीमा दलालले बीमितको प्रतिनिधिको रुपमा कार्य गर्दछ। तर बीमा अभिकर्ता बीमकसँग कानूनी रुपमा बांधिए जस्तो बीमा दलालहरू बीमितसँग कानूनी रुपमा बँधिएका हुँदैनन्। बीमा दलालले गरेको सबै कार्यको जिम्मावारी पनि बीमितले लिनु पर्दैन। बीमा दलालले बीमितका लागि आवश्यकता अनुसारका उचित बीमाहरू खोजिदिने, बीमितको आवश्यकता अनुसारका बीमा गराउन कम्पनीहरूसँग प्रयत्न गर्ने वा त्यस्तो बीमाको व्यवस्था मिलाइदिने आदि कार्यहरू बीमा दलालले गर्दछ। बीमा दलालहरू बीमा जोखिमलाई बिश्लेषण गरी फरक फरक क्षेत्र र फरक फरक जोखिमहरू विभिन्न अलग अलग बीमकहरूमा हस्तान्तरण गरी जोखिम व्यवस्थापन गर्न सिपालु हुन्छन्। त्यसैले ठूला ठूला व्यवसाय, व्यापार उद्योगका मालिक वा व्यवस्थापक आदि बीमा बिषयमा बिज्ञ नहुने हुनाले बीमा दलालको सहयोग लिन्छन्।

नेपालमा उद्योग, व्यापार, व्यवसाय आदिको ठूलो बिस्तार नभएको हुनाले बीमितहरूले बीमा दलालको सेवा लिने प्रचलन त्यति धेरै छैन । बरु नेपालका बीमा कम्पनीहरूले पुनर्बीमा गर्नका लागि भने पुनर्बीमा दलालको सहयोग लिने गरेका छन् । पुनीर्बीमा कम्पनीका लागि बीमा कम्पनीहरू बीमित सरह नै हुन् । बीमा कम्पनीहरूले पुनर्बीमा कुन कुन कम्पनीलाई कति कति मात्रामा दिंदा जोखिम कम हुन्छ भन्ने विश्लेषण गर्न जान्ने बिज्ञ अर्थात पुनर्बीमा दलालको सहयोग लिन्छन् । त्यसैले, नेपालमा बीमा दलाल भन्ने बित्तिकै पुनर्बीमा जस्तो बुझिन्छ । तर पुनर्बीमा दलाल बीमा दलालको एउटा प्रकार मात्र हो ।

## (घ) बीमा सम्बन्धी विवाद

जीवन तथा निर्जीवन बमिकले दायित्व निर्धारण नगरेमा वा गरे पनि बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा बीमितले त्यसको कारण समेत खोली बीमा प्राधिकरणमा उजुरी गर्न सक्छ । त्यसरी उजुरी पर्न आएमा प्राधिकरणले सम्बन्धित बीमकलाई पन्ध्र दिनभित्र कारण खुलाई लिखित जवाफ पेश गर्न आदेश दिन सक्नेछ। सो सम्बन्धमा बीमकको लिखित जवाफ पेश हुन आएमा प्राधिकरणले जाँचबुझ गरी आवश्यक भए बीमक वा बीमितसँग अन्य कुरा बुझ्न वा अन्य आवश्यक कागजात तथा विवरण पेश गर्न आदेश दिन सक्नेछ । तर, लिखित जवाफ वा आवश्यक कागजात वा विवरण पेश हुन नआएमा प्राधिकरणले त्यस्तो उजुरी उपर एकतर्फी निर्णय गरी सोको जानकारी सम्बन्धित बीमकलाई दिनु पर्नेछ । प्राधिकरणले जाँचबुझ गर्दा यदि बीमकले दायित्व निर्धारण गर्नुपर्नेमा दायित्व निर्धारण नगरेको देखिएमा बीमकलाई दायित्व निर्धारण गर्न वा पुनः दायित्व निर्धारण गर्न आदेश दिन सक्नेछ । त्यसरी दायित्व निर्धारण गरेपश्चात बीमकले सम्बन्धित बीमितलाई निर्धारित दायित्व वापतको रकम भुक्तानी दिनुपर्दछ ।

# नेपाल बीमा प्राधिकरण
## NEPAL INSURANCE AUTHORITY
Kupondole, Lalitpur, Nepal

## बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरू

- प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरु स्पष्टसँग खुलाई भर्ने । बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवं सुविधाबारे जानकारी लिएर मात्र बीमा गर्ने ।
- बीमितले आफ्नो आवश्यकता पेशा, व्यवसाय एवं आम्दानीको स्रोत समेतलाई मध्यनजर गरी बीमा गरौं अन्यथा समयावधि पूरा नहुँदै बीमालेखलाई निरन्तरता दिन नसकिने हुन सक्दछ ।
- बीमा लेख बीमा शुल्क बुझाउने, बीमालेख नवीकरण गर्ने समय, इच्छाएका व्यक्तिको नाम, बीमालेख बमोजीम दाबी रकम पाउने र नपाउने जस्ता विषयमा बीमालेख खरिद गर्नु अगाडि नै बुझ्नुपर्दछ ।
- बीमितले बीमा शुल्क बुझाएपछि यसको आधिकारिक भर्पाइ वा रसिद लिनुपर्दछ ।
- बीमा सम्बन्धी प्रस्ताव फाराम बीमित स्वयंले भर्नुपर्ने । बीमित निरक्षर वा प्रस्ताव फाराम भर्न नसक्ने भएमा निजले तोकेका व्यक्तिले प्रस्ताव फाराम भर्नुपर्नेछ ।
- बीमितिले आफूले बीमा गर्न लागेको बीमा कम्पनीको बारेमा राम्रो सँग बुझेर मात्र बीमा गर्नुपर्दछ ।
- बीमालेख नवीकरण गर्ने समय ख्याल गरी समयमै विमालेख नवीकरण गर्नुपर्नेछ ।
- बीमा सम्बन्धी नीति नियमहरुबारे जानकारी राख्नुपर्दछ ।
- आफुले खरिद गरेको बीमालेखसँग सम्बन्धित सम्पूर्ण कागजातहरु सुरक्षित राख्नुपर्दछ ।
- प्रविधिको विकाससँग विभिन्न बैंक तथा एसएमएस मार्फत घरमै बसी बीमा शुल्क बुझाउन सकिने भएको हुँदा सो सम्बन्धी यथेष्ट जानकारी लिएर मात्र बीमा गर्नुपर्दछ ।
- बीमा गरिसकेपछि आफूले बीमा गरेको बारेमा परिवारका सदस्य तथा इच्छाइएको व्यक्तिलाई जानकारी गराउनुपर्दछ ।

बीमा सम्बन्धी थप जानकारीको लागि
**नेपाल बीमा प्राधिकरण**
ललितपुर-१०, कुपण्डोल, नेपाल
पो.ब. नं. : २१७२
फोन: ०१-५४२१०७९, ५४३८७४३
फ्याक्स: ०१-५४२०११९
इमेल: info@nia.gov.np,
वेबसाइट: www.nia.gov.np

**नोट:** बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि विमितलाई मर्का पर्ने गरि दायित्व निर्धारण गरेमा बीमितले त्यसको कारण समेत खोलि बीमा समितिमा उजुरी गर्न सकिन्छ ।

प्रकाशक
**नेपाल बीमा प्राधिकरण**
कुपण्डोल, ललितपुर